पाख्रीबासको दृष्टि: शिक्षा, स्वास्थ्य, पर्यटन र कृषि

स्थानीय पाठ्यक्रम
२०७७

# हाम्रो पाख्रीबास

प्रकाशक
पाख्रीबास  नगरपालिका
पाख्रीबास नगर कार्यपालिकाको कार्यालय
पाख्रीबास, धनकुटा

स्थानीय पाठयक्रम
२०७७

# हाम्रो पाखीबास

**सल्लाहकार**
नगर प्रमुख श्री वृष बहादुर राई
नगर उपप्रमुख देवकला पौडेल (तिम्सिना)

**पाठ्यक्रम विकास समिति**

श्री डिक बहादुर राई (संयोजक)
श्री भरत प्रसाद अधिकारी (सदस्य)
श्री दुर्गा प्रसाद सुवेदी (सदस्य)
श्री मान बहादुर राई (सदस्य)
श्री किशोर कुमार राई (सदस्य)
श्री नारायण बस्नेत (सदस्य)

# भूमिका

वर्तमान समाजका हरेक गतिविधि केही न केही रूपमा बाहिरी विश्वबाट प्रभावित भएकै हुन्छन् । विश्व व्यापीकरण आजको आवश्कता र वास्तविकता भए पनि यसको व्यापकताले गर्दा स्थानीयकरण गौण हुँदै जाने र बालबालिका देखि युवा तथा वयस्कहरूमा समेत आफ्नै मौलिक विशेषताहरू र स्थानीय पहिचान बारे पर्याप्त रूपमा जानकारी प्राप्त गर्ने अवसरको अभावमा उक्त समूह उदासीन बन्दै जाने खतरा बढ्दै गएको पाइन्छ । तर हरेक व्यक्तिका लागि समाजको केन्द्रबिन्दु ऊ आफू नै हो । ऊ स्वयं आफूजस्तै अन्य व्यक्तिहरू मिलेर नै परिवार र समाज बनेको हुन्छ । आधारभूत तहको सिकाइमा स्थानीय समुदायको अध्ययनको ठुलो महत्त्व रहेको हुन्छ । परस्पर बिरोधी प्रक्रिया जस्ता लागे पनि स्थानीयकरण र विश्व व्यापीकरण सन्तुलित र सौहार्द्र रूपले सँगसँगै चल्नुपर्ने प्रक्रिया हुन् । त्यसैले भनिएको हुन्छ : विश्वव्यापी रूपमा सोच, स्थानीय रूपमा काम गर (Think globally, act locally).

कोही पनि व्यक्ति आफ्नो परिवेश नजानी, नबुझी अरुको मात्रै बुझेर र देखासिकी गरेर मौलिक रहन सक्दैन । हरेक व्यक्तिका लागि आफ्नो स्थानीय घर, परिवार, छरछिमेक र समाज सबैभन्दा विशिष्ट पहिचान त हो नै, यस बाहेक उसको चौतर्फी विकासको आधारशीला पनि हो । यिनै पक्षहरूसँग चिरपरिचित र जानकार भएको व्यक्ति नै अन्य व्यक्तिहरू भन्दा भिन्न र फरक ढङ्गले प्रबुद्ध र दक्ष बन्दै सामाजिक विविधता र विकासलाई विस्तार गर्ने भूमिका खेल्न सक्छ । हरेकका लागि सर्वप्रथम आफ्नो स्थानीय समाज र परिवेश नै अध्ययनको गहन क्षेत्र हुनुपर्दछ । सोही प्रकारको ज्ञान नै बाहिरी विश्व परिवेश जान्ने र बुझ्ने प्रक्रियामा बलियो आधारशीला बन्न सक्दछ ।  आफ्नो बारेमा जानेपछि मात्र आफूलाई अन्यसँग दाँज्ने, सबल दुर्बल छुट्याउने र जिम्मेवारी बोध गर्ने सामर्थ्य र दक्षता हासिल हुन सक्छ । एउटा कलिलो बालकका लागि उसको स्थानीय समुदाय नै विश्व हो । तसर्थ स्थानीय वातावरण र पर्यावरण, सामाजिक संरचना, धर्म, परम्परा, चालचलन, मूल्यमान्यता आदिको पर्याप्य ज्ञान हुनुले व्यक्तिको समग्र सामाजिकीकरण र सिकाइ तथा विकास प्रक्रियामा उल्लेख्य टेवा पुग्दछ ।

नेपालमा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषा मध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरेअनुरूप साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्कको अध्ययन/अध्यापन गर्ने व्यवस्था गरेको थियो तर उक्त व्यवस्था कार्यान्वय भएन । आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९ मा साप्ताहिक ५ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषय समावेश गरियो । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७१ अनुसार आधारभूत तहमा २० प्रतिशत १०० पूर्णाङ्कको स्थानीय भाषा वा विषय राख्न पाउने व्यवस्था गरियो । राष्ट्रिय पाठ्यक्रम पारुप, २०७६ ले व्यवस्था गरे अनुसार स्थानीय तहले ४ कार्यघण्टा (4 Credit Hour) अर्थात वार्षिक १२८ घण्टा पाठ्यभार निर्धारण गरेको छ । स्थानीय पाठ्यक्रम सम्बन्धी स्रोत सामग्री, २०६६ ले "स्थानीय सरोकारवालाको आवश्कयता, चाहना र उनीहरुकै सहभागितामा स्थानीय विषय वस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो" भनी परिभाषित गरेको छ । त्यसैले, स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषय वस्तुलाई उनीहरुकै विज्ञता, सकृयता, यथासक्य कम लागतमा तयार गरिने पाठ्यक्रम हो ।  नेपाल सरकारबाट एकीकृत पाठ्यक्रम (कक्षा १-३) को ढाँचा, २०७५ स्वीकृत भइ २०७७ को शैक्षिक सत्र देखि देश भर  लागू भएको छ । उक्त पाठ्यक्रम ढाँचामा भएको व्यवस्था अनुसार कक्षा १-३ सम्म पाँच ओटा विषय (गणित, नेपाली, अङ्ग्रेजी, हाम्रो सेरोफेरो र स्थानीय विषय) राख्नु पर्ने प्रावधान छ । स्थानीय विषय वा मातृभाषाको पाठ्यक्रम विद्यालय तथा स्थानीय तहबाटै निर्माण गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ ।

उपर्युक्त तथ्यलाई मध्यनजर गरेर नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्रले स्थानीय पाठ्यक्रमको अवधारणा अघि सारेको हो । सो केन्द्रले जारी गरेको राष्ट्रिय पाठ्यक्रम भित्र पनि स्थानीय विषयवस्तु समेटिएको भए तापनि ती पर्याप्त नहुन सक्छन् र त्यस्ता विषयवस्तु केवल सतही रूपमा मात्र आएका हुन्छन् । तसर्थ स्थानीय तहलाई केन्द्रीय पाठ्यक्रमले निर्धारण गरेको क्षेत्रभित्र पनि आफ्नो स्थानीय समुदायलाई मिल्ने विषयवस्तुमा अझ विस्तृत रूपमा पाठ्यक्रम बनाई पठनपाठन गर्न गराउन लगाउने र यसभन्दा बाहेकका अन्य विभिन्न क्षेत्रहरूलाई पनि समेटेर पाठ्यक्रम बनाउन दिने प्रावधान रहेको छ । हाल नेपालमा सङ्घीय प्रणालीको कार्यान्वयन सँगसँगै स्थानीय पाठ्यक्रमको महत्त्व अझै बढेको छ । पर्याप्त नीतिगत, प्रशासनिक र विकासात्मक नीति निर्णय र कार्यान्वयनको अधिकार पाएको स्थानीय सरकारले यसका लागि पर्याप्त नेतृत्वदायी र समन्वयकारी भूमिका खेल्न सक्ने स्पष्ट हुन्छ ।

यस पाखीबास नगरपालिकाको आफ्नै विशिष्ट भौगोलिक तथा सामाजिक-साँस्कृतिक विशेषताहरू रहेका छन् । यसका कतिपय चुनौती/समस्या र विकास तथा समृद्धिका सम्भावनाहरू समेत अन्य औसत स्थानीय तहका भन्दा भिन्न प्रकारका छन् । तीव्र सहरीकरणको प्रक्रियामा रहेको हालको संक्रमणकालमा यस स्थानीय तहले आफ्नो मौलिकता र विशिष्टता गुमाउँदै जान सक्ने र सहरीकरणका विकृतिहरूको प्रभाव बढ्न सक्ने खतराको प्रबलता पनि उच्च रहेको छ । यस्तै वास्तविकतालाई केन्द्रमा राखेर पाठ्यक्रम विकास केन्द्रको निर्देशनको परिधिमा रही यस क्षेत्रका लागि स्थानीय पाठ्यक्रमको रूपरेखा तयार पारिएको हो । यसको निर्माणमा सम्बन्धित विज्ञहरूको सुझाव तथा स्थानीय सरोकारवालाहरूको अपेक्षालाई समेत उच्च कदर गरिएको छ । यस पाठ्क्रममा समाविष्ट विषयवस्तुको अध्ययन अध्यापनबाट यहाँका बालबालिकाहरूमा स्थानीय मौलिकता र विशिष्टताको पहिचान तथा महत्त्वबोध हुने र उनीहरूलाई सचेत र जिम्मेवार नागरिक बन्न सहयोग पुग्ने विश्वास गरिएको छ ।

प्रस्तुत स्थानीय पाठ्यक्रम विकासको काम एक लामो तथा वृहत्तर प्रक्रियाबाट सम्पन्न भएको हो । यसको पहिलो महत्त्वपूर्ण कदमका रूपमा पाखीवास नगरपालिका मातहत रहेका सामुदायिक तथा संस्थागत विद्यालयबाट प्रतिनिधित्व हुने गरी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, शिक्षक तथा अभिभावकहरूको बृहत् भेलाबाट सुझाव सङ्कलन गरिएको थियो । प्राप्त सुझावलाई पुनः पाठ्यक्रम विकास समितिमा छलफल तथा अन्तरक्रिया गरी सो समितिबाट अन्तिम रुप दिइएको पाठ्यक्रम नगरपालिकाका प्रमुखको अध्यक्षता बसेको पाखीबास नगर शिक्षा समितिको बैठकबाट स्वीकृत भई शैक्षिक सत्र २०७७ देखि यस नगरपालिका भित्रका सबै विद्यालयहरूमा कार्यान्वयन गर्न लागिएको छ ।

यस स्थानीय पाठ्यक्रमको निर्माणका क्रममा पाखीबास नगरपालिकाका नगरप्रमुख तथा नगर शिक्षा समितिका अध्यक्ष श्री वृषबहादुर राई, उपप्रमुख श्री देवकला पौडेल तिम्सिना, प्रमुख प्रशासकीय अधिकृत श्री डिकबहादुर राई, नगर शिक्षा समितिका सदस्यहरु श्री महेन्द्र भट्टराई, श्री देवीमाया बस्नेत, श्री नम्रता देउजा, श्री मानबहादुर राई, श्री कुमारी दर्लामी, श्री होममाया भण्डारी, इन्दिरा वस्ती (पौडेल), नगरपालिकाका अधिकृत श्री नारायण बस्नेत, प्रा.स.श्री हेमन्तमणि खुलाल, पाठ्यक्रम विकास समितिका पदाधिकारी तथा सदस्यहरु लगायत पाठ्यक्रम विकासमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने जनप्रतिनिधिहरू, नगरपालिकाका कर्मचारीहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा पदाधिकारीहरू, विद्यालय का प्र.अ. तथा शिक्षकहरू, अभिभावक विद्यार्थी सबैमा हार्दिक धन्यवाद दिँदै प्रस्तुत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा सम्बन्धित सबैको सहयोग रहने अपेक्षा गरिएको छ ।

# हाम्रो पाखीबास

## परिचय

नेपालको संविधानको अनुसूचि (८) आधारभूत र माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहले अधिकार प्रत्यायोजन गरिसकेको छ । संविधान प्रदत्त अधिकार कार्यान्वयन गर्नु सबै स्थानीय तहको कर्तव्य तथा दायित्व हो । स्थानीय पाठ्यक्रमले पाखीबास नगरपालिका क्षेत्र भित्रको विशिष्ट पहिचानलाई उजागर गरी विद्यार्थीहरूको सिकाइलाई नजिकबाट सिक्नुपर्ने अवधारणाको विकास गर्नुका साथै आफ्नो गाउँ समाज प्रति गौरव गर्न सकुन् भन्ने ध्येय राखिएको छ । आधारभूत तहको कक्षा १-५ मा अध्ययनरत बालबालिकाहरूले औपचारिक रूपमा आफ्नो गाउँ, समाज, भूगोलको वस्तुनिष्ठ ज्ञान प्राप्त गर्नुका साथै यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्त्वका स्थलहरू, प्राकृतिक सम्पदा, भौगोलिक अवस्था, परम्परागत उपचार पद्धति आर्थिक क्रियाकलाप आदिको पहिचान गरी तिनीहरूको संरक्षणमा सहयोग गर्ने, प्रयोग तथा उपयोगमा जोड दिने गरी विषयवस्तु तथा क्रियाकलापको नमूना प्रस्तुत गरिएको छ । पाठ्यक्रममा निम्न लिखित विषय क्षेत्र समावेश गरिएको छ । पाखीबास नगरपालिका क्षेत्रका लागि तयार पारिएको प्रस्तुत स्थानीय पाठ्यक्रममा निम्नानुसारका क्षेत्र तथा क्रममा विषयवस्तुको संयोजन गरिएको छ :

एकाइ १ : पाखीबासको समाज र संस्कृति

एकाइ २ : पाखीबासका असल व्यक्तित्वहरु

एकाइ ३ : पाखीबासको स्थानीय सरकार

एकाइ ४: पाखीबासका सम्पदाहरु

एकाइ ५: पाखीबासको स्थानीय प्रविधि

एकाइ ६ : पाखीबासको आर्थिक क्रियाकलाप

एकाइ ७: पाखीबासको विपद् व्यवस्थापन

एकाइ ८: पाखीबासको परम्परागत उपचार पद्धति

एकाइ ९: पाखीबासको इतिहास

एकाइ १०: पाखीबासको भूगोल

प्रस्तुत पाठ्यक्रमले वातावरण संरक्षण तथा सुधारका निम्ति सहयोग गर्न प्रेरित गर्नुका साथै बालबालिकाहरूले सामाजिक मूल्यमान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुशरण गर्ने अपेक्षा गरिएको छ । पाखीबास नगरपालिकाले स्थानीय स्तरका शिक्षाविद, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधिरु, नगरपालिकाका सदस्यहरु, पाठ्यक्रम विज्ञ लगायतसँग छलफल, अन्तरक्रिया तथा कार्यशाला बैठकको आयोजना गरि प्राप्त सुझाव तथा पृष्ठपोषणको आधारमा पाखीबास नगरपालिकाको परिचय, प्राकृतिक स्रोत र सम्पदा, संस्कार र संस्कृति, पर्यटन, पेसा, प्रविधि र उद्यमशिलता, स्वास्थ्य र सफाइ, प्रकोप, पर्यावरण र हरित विद्यालय, व्यक्ति र संस्था लगायतका विषय क्षेत्रलाई समेटेर कक्षा १ देखि ५ सम्मको लागि स्थानीय पाठ्यक्रम तयार गरिएको छ ।

बालबालिकाको सिकाइ आफ्नो बासस्थानबाटै प्रारम्भ गर्न सहज हुन्छ । त्यसका लागि बालबालिकाहरुले आफ्नो गाउँ, समूदायको पहिचान गर्नुपर्दछ । त्यहाँ भएका प्राकृतिक, ऐतिहासिक सम्पदाहरू र आर्थिक क्रियाकलापहरूबारे जानकारी हुनुपर्दछ । स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोतसामग्रीको संरक्षण, संवर्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक, सामाजिक, साँस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिक तयार गर्नका लागि स्थानीय पाठ्यक्रम अपरिहार्य भएको छ । राष्ट्रिय स्तरमा निर्माण गरिने पाठ्यक्रम सबै

सरोकारवालाको संलग्नताको सम्भावना रहदैन । यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सिपलाई पूर्ण रूपले समेट्न सम्भव पनि हुँदैन । अतः स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने ज्ञान र सिपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यावहारिक र दक्ष जनशक्ति तयार गर्नका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ । हरेक स्थानीय तहको आ-आफ्नै विशिष्ट पहिचान, भौगोलिक, धार्मिक एवम् साँस्कृतिक, जातीय, भाषिक विविधता हुन्छ । केन्द्रीय तहमा तयार गरेको पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई दैनिक जीवनमा आवश्यक पर्ने ज्ञान, सीप, आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न नसक्ने भएकाले स्थानीय परिवेश अनुसारको ज्ञान र सीप आर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकाले र संवैधानिक र नीतिगत रुपमा भएको प्रावधानलाई कार्यान्वयन गर्नु प्रत्येक स्थानीय तहको कर्तव्य भएको हुनाले पाखीबास नगरपालिकाले यो स्थानीय पाठ्यक्रम तयार गरेको हो । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहायबमोजिमका बुँदाहरूले अझ स्पष्ट पार्दछ :

(क) स्थानीय स्तरका व्यवसाय, पेसा एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय रोजगारी तर्फ उन्मुख, उत्पादनमुखी र सीपयुक्त नागरिक तयार गरी नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण, संवर्धन गर्न ।

(ख) स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सीप, भाषा आदिको संरक्षण र संवर्धन गर्न ।

(ग) स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरूपको व्यवहार गर्न सक्ने तुल्याउन ।

(घ) भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक विविधतालाई सम्बोधन गर्न ।

(ङ) स्थानीय तहको ज्ञान, सीप र प्रविधिलाई उजागर गर्न ।

(च) परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई संरक्षण, सम्बर्द्धन र विकास गर्न सहयोग पुऱ्याउन ।

(छ) स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गर्न ।

प्रत्येक गाउँ तथा टोलमा एउटा सानो विश्व लुकेको हुन्छ । एउटै पाठ्यक्रममा सबै विषयवस्तु अटाउन र पठनपाठन गर्न सम्भव हुदैन । यस पाठ्यक्रमले पाखीबास नगरपालिका क्षेत्रको सेरोफेरोलाई समेटेको छ । त्यसैले पाखीबास नगरपालिका भित्रका अध्ययन गर्नु पर्ने प्राकृतिक, भौगोलिक, धार्मिक, साँस्कृतिक, सामाजिक, ऐतिहासिक, आर्थिक, स्वास्थ्य र सफाइ र वातावरणीय क्षेत्रसँग सम्बन्धित ज्ञान, सीप र अभिवृत्तिका पक्षहरुलाई स्थानीय आवश्यकतालाई मध्यनजर गरी आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूलाई केन्द्रबिन्दु मानेर यो पाठ्यक्रम तयार गरिएको छ । पाठ्यक्रमले मुख्य रुपमा निम्न विषय क्षेत्रलाई समेटेको छ ।

(क) पाखीबास नगरपालिका : नगरपालिकाको सामान्य परिचय, भौगोलिक अवस्था, साँध सिमाना, जनसङ्ख्या, जातजाति, संघसंस्थाहरु

(ख) प्राकृतिक स्रोत र सम्पदा : वन जङ्गल, सामुदायिक वन, जडिबुटि, नदी, ताल, कुवा, पानीका स्रोत, ढुङ्गेधारा, डाडाकाडा, खानी

(ग) संस्कार र संस्कृति : जातजाती, मठ, मन्दिर, चैत्य, विहार, गुम्वा, जात्रा, पर्व, मेला, आनीबानी, मूल्य मान्यता, भाषा र भेषभूषा, गीत, संगीत बाजागाजा

(घ) ऐतिहासिक र पर्यटकीय स्थल : संसारी माई सिमसार क्षेत्र, जौटार सामुदायिक वन, भूल्केदेवी मन्दिर, शान्ति पार्क डिकुरे, थाम डाडा, गुफा, पाटीपौवा, पुल ,झरना, जलदेवी, जालपादेवी, चुलीलुङ, देउराली, राम्चे डाडा, कृषि अनुसन्धान केन्द्र, उत्तर पानी, इन्द्रेनी झरना, आदि

(ङ) पेसा, व्यवसाय, उद्यमशिलता र प्रविधि : स्थानीय पेसा (कृषि विशेष) उद्यमशिलता र प्रविधि

(च) स्वास्थ्य र सरसफाइ : योग, प्राणायाम, ध्यान, आसन, सरसफाइ, भोजन, व्यायाम, स्थानीय खेलहरु

(छ) प्रकोप, वातावरण र हरित विद्यालय : प्रकोप (आगजनी, भूकम्प, भुक्षय, बाढी, पहिरो चट्याङ, हावाहुरी) वनतावरण र हरित विद्यालय

(ज) व्यक्ति र संस्था परिचयः पाखीबास नगरपालिकाको विकास निर्माण र समाज सेवामा विशेष योगदान पुर्याउने  महत्वपूर्ण व्यक्ति र संस्थाहरु ।

पाखीबास नगरपालिका भित्रका आधारभूत तह (कक्षा १-५) का विद्यालयका अध्यापन गराउनका लागि निर्माण गरिएको स्थानीय पाठ्यक्रमको अपेक्षित सक्षमता निम्नानुसार छन् ।

## तहगत सक्षमता (कक्षा १-५)

आधारभूत तह (कक्षा १-५) का स्थानीय विषयमा विद्यार्थीमा निम्नानुसारको सक्षमता विकास हुने छ :

१. पाखीबास नगरपालिकाको स्थानीय सरकारको बारेमा जानकारी
२. पाखीबास नगरपालिकाको विभिन्न जातजाति, भाषा, धर्म, संस्कार, संस्कृति, चाडपर्व, जात्रा, मेला, धार्मिक स्थलहरू तथा सम्पदाको पहिचान र संरक्षणमा सहयोग
३. पाखीबास नगरपालिका अन्तर्गतका पर्यटकीय स्थलहरुको पहिचान र पर्यटन विकासमा सहयोग
४. पाखीबास नगरपालिका क्षेत्रको कृषि प्रणालीको  जानकारी र उपयोग
५. प्राकृतिक तथा मानव निर्मित संरचनाबाट उत्पन्न हुने विपद्बाट सुरक्षा र बच्ने उपाय अवलम्बन
६. पाखीबास नरपालिका भित्रका सामाजिक संघ संस्थाहरुको पहिचान तथा तिनीहरुको कार्यहरुमा सहयोग तथा सहभागिता
७. पाखीबास नगरपालिका क्षेत्रमा पाइने जडिबुटीहरुको पहिचान र परम्परागत उपचार पद्धतिको जानकारी र प्रयोग
८. पाखीबास नगरपालिका क्षेत्रका परम्परागत स्थानीय प्रविधिहरुको चिनारी र संरक्षण
९. पाखीबास नगरपालिकाको इतिहास र ऐतिहासिक तथा सामाजिक व्यक्तित्वहरुको खोजी, योगदानको अनुशरण र सम्मान
१०. पाखीबास नगरपालिका क्षेत्रको भौगोलिक तथा प्राकृतिक अवस्थाको चिनारी

# कक्षागत सिकाइ उपलब्धि

### कक्षा १

कक्षा १ को अन्तमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

१) आफू बसेको टोलको परिचय दिन,
२) स्थानीय समाजको बनोट, धार्मिक स्थल र चाडपर्वहरूको पहिचान गर्न,
३) आफ्नो टोल/वडामा भएका असल व्यक्तिहरुको पहिचान गरी सामाजिक कार्यको सूची बताउन,
४) परिवारमा असल व्यवहार गर्न,
५) आफ्नो वरपर रहेका छिमेकीले उत्पादन गर्ने कृषि बाली को पहिचान गर्न
६) विपद्को अवस्था बताउन,
७) हाम्रा सामाजिक नियम पालना गर्न,
८) टोल तथा वडामा रहेका सामाजिक सङ्घ संस्थाहरुको पहिचान गरी काम बताउन,
९) आफ्नो घरमा प्रयोग हुने स्थानीय प्रविधिहरुको पहिचान गर्न,
१०) आफ्नो टोल/ छिमेकमा भएका परम्परागत उपचार गर्ने व्यक्तिहरुको पहिचान गर्न ।

**कक्षा २**

कक्षा २ को अन्तमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

१) आफू बसेको वडाका सामाजिक, साँस्कृतिक र भौगोलिक पक्षको परिचय दिन,
२) आफू बसेको समाजको बनोट, धार्मिक स्थलहरु, चाडपर्व र आफ्नो मातृभाषाको जानकारी दिन,
३) असल व्यक्तित्वहरुका असल आचरणहरुको पहिचान गरी अनुशरण गर्ने बानीको विकास गर्न,
४) विपद्को अवस्था बताउन,
५) समुदायको विकासका लागि सामाजिक संघ संस्थाहरुको काम बताउन,
६) आफ्नो घर छिमेकमा प्रयोग हुने स्थानीय प्रविधिको परिचय दिन र प्रयोग गर्न,
७) परम्परागत उपचार पद्धतिमा प्रयोग हुने जडीबुटी पहिचान गर्न
८) आफ्नो समुदायमा लगाइने अन्न बालीको नाम बताउन,
९) हाम्रा सामाजिक नियम पालना गर्न ।

**कक्षा ३**

कक्षा ३ को अन्तमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

१) आफ्नो वडा समितिको परिचय दिइ वडा कार्यालयले दिने सेवाहरु बताउन,
२) आफ्नो समाजको बनोट, धार्मिक स्थल र चाडपर्व तथा धर्म संस्कारको पहिचान गर्न,
३) आफ्नो वडाको भौगालिक बनोट र हावापानी सम्बन्धी पहिचान गर्न,
४) विपद्बाट जोगिने उपायहरू बताउन,
५) असल व्यक्तित्वका असल आचरणको सूची बनाउन र सामाजिक कार्यको सूची बनाउन,
६) आफ्नो वडामा भएका सामाजिक संघ संस्थाको सूची बनाउन,
७) आफ्नो वडामा भएका स्थानीय प्रविधिको प्रयोग गर्न,
८) आफ्नो टोल/ वडामा वैद्यबाट गरिने उपचार पद्धतिको पहिचान र जडीबुटीको प्रयोग गर्न,
९) आफ्नो टोल/वडामा लगाइने अन्न, तरकारी र फलफूल बालीको परिचय दिन,
१०) आफ्नो टोल/वडामा पालिने पशु पंक्षीको परिचय दिन,
११) आफ्नो टोल/वडामा भएका पर्यटकीय स्थलहरुको परिचय दिन,
१२) आफ्नो वडामा भएका प्राकृतिक सम्पदाहरुको परिचय दिन ।

**कक्षा ४**

कक्षा ४ को अन्तमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

१) पाखीबास नगरको भौगोलिक अवस्था र सिमाना बताइ वडाको नक्साङ्कनको अभ्यास गर्न,
२) पाखीबास नगरपालिकाको इतिहास खोजी गर्न,
३) पाखीबासको स्थानीय सरकारबाट प्रवाह हुने सेवा सुविधा र विकासका गतिविधिहरू बताउन,
४) आफ्नो समाजको बनोट बताइ, आफ्नो धार्मिक स्थल, चाडपर्व, जात्रा तथा उत्सव र परम्परासँग सम्बन्धित मौलिक संस्कृतिको बारेमा बताउन,
५) नगरपालिका भित्रका विशिष्ट व्यक्तित्वहरुको परिचय दिई उनीहरुले गरेका योगदानको चर्चा गर्न,
६) पाखीबास नगरपालिकामा रहेका स्थानीय प्रविधिहरुकको परिचय दिई प्रयोग गर्न,
७) जडीबुटी, माटो र किटपतङ्गबाट गरिने उपचार उद्धति पहिचान र प्रयोग गर्न,
८) पाखीबास नगरपालिकामा उत्पादन हुने अन्न, तरकारी, फलफूल र नगदे बालीको परिचय दिन र उपयोग गर्न,
९) परम्परगत कृषि औजारको पहिचान गरी तिनको प्रयोग विधि बताउन,
१०) प्राकृतिक र मानव सिर्जित विपद्को परिचय दिई विपद् व्यवस्थापनमा संलग्न स्थानीय संघ संस्थाको नाम बताउन,

११)	पाखीबास नगरपालिका भित्र बसोबास गर्ने विभिन्न जातजाति र उनीहरूले बोल्ने भाषाहरुको पहिचान र संरक्षणमा सहयोग गर्न,
१२)	पाखीबास नगरपालिका भित्रका धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक सम्पदा तथा पर्यटकीय स्थलहरुको पहिचान र संरक्षणमा सहयोग गर्न ।

**कक्षा ५**

कक्षा-५ को अन्तमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

१)	पाखीबासको भौगोलिक स्वरुप र हावापानीको परिचय दिन,
२)	पाखीबास नगरपालिकाको दश वटै वडा छुट्टिने नक्सा बनाई, महत्वपूर्ण तथ्यहरु देखाउन,
३)	पाखीबास नगरपालिकाको सामाजिक सांस्कृतिक विविधताको बारेमा बताई संरक्षणमा सहयोग गर्न,
४)	नगर कार्यपालिका र नगरसभाको गठन प्रक्रिया तथा कार्य बताउन,
५)	पाखीबासको स्थानीय सरकारका प्रमुख अङ्गहरुको परिचय दिन र कार्य बताउन,
६)	पाखीबासको स्थानीय सरकार प्रमुखको परिचय, काम, कर्तव्य र अधिकार बताउन,
७)	नगरका आर्थिक विकासका स्रोतहरूको पहिचान गर्न र स्रोतको उपयोगको अवस्था पत्ता लगाउन,
८)	पाखीबासका मौलिक विशेषताहरू बताउन,
९)	विभिन्न धार्मिक स्थलहरुको परिचय दिन र चाडपर्व, जात्रा तथा उत्सवमा सहभागी हुन,
१०)	प्राकृतिक विपद्का रूपहरू बताई तिनबाट बच्न पूर्व तयारी गर्न,
११)	मानव सिर्जित विपद्बाट बच्ने उपाय बताउन र यसको न्यूनीकरण गर्ने उपाय खोजी गर्न,
१२)	पाखीबासको ऐतिहासिक परिचय दिन र नामाकरणका सम्बन्धमा बताउन,
१३)	पाखीबास नगरपालिका भित्रका धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, प्राकृतिक सम्पदाहरु र
१४)	पर्यटकीय स्थलहरुको पहिचान र संरक्षणमा सहयोग गर्न,
१५)	कृषि  व्यवसाय अन्तर्गत पर्ने प्रमुख कार्यहरु बताई सहयोग गर्न,
१६)	सामाजिक कार्यमा  सहयोग गर्न र असल व्यववहारको अनुशरण गर्न,
१७)	परम्परागत (स्थानीय) प्रविधिहरु र आधुनिक प्रविधिहरुको बिचमा तुलना गर्न,
१८)	आयुर्वेदिक उपचार पद्धति र आधुनिक उपचार पद्धतिको फरक छुट्याउन ।

# विषय वस्तुको क्षेत्र र क्रम

| क्र.सं. | विषयवस्तुको क्षेत्र/एकाइ | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | ५ |
|---|---|---|---|---|---|---|
| १ | **पाखीबासको स्थानीय सरकार** | क) आफु बसेको वडा र जम्मा वडा संख्या<br>ख) आफु बसेको वडाको वडा अध्यक्ष | क) पाखीबास नगरपालिका वडाहरुको संख्या<br>ख) वडा समितिका सदस्यहरुको संख्या | क) पाखीबास नगरपालिका भित्र रहेका वडा कार्यालयहरुको स्थान पहिचान र वडा समितिका सदस्यहरुको नाम<br>ख) वडा समितिको गठन प्रक्रिया र सहभागिता | क) पाखीबास नगरपालिकामा जननिर्वाचित जनप्रतिनिधिको संख्या र गठन प्रक्रियामा सहभागी<br>ख) वडा कार्यलयको काम तथा सेवाहरु<br>ग) वडाअध्यक्षको काम कर्तव्यहरु | क) पाखीबासको सरकार प्रमुखको परिचय ,भूमिका<br>ख) नगरपालिकाको गठन विधि र सहभागिता<br>ग) स्थानीय सरकारको काम कर्तव्य र अधिकारहरुको संक्षेपीकरण |

| क्र.सं. | विषयवस्तुको क्षेत्र/एकाइ | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | ५ |
|---|---|---|---|---|---|---|
| | **पाखीबासको आर्थिक क्रियाकलाप** | क) आफ्नो वडामा उत्पादन हुने कुनै पाँचवटा कृषि बाली<br>ख) गाउँ/ छिमेकमा मनोरम स्थलहरु<br>ग) दैनिक जीवनमा चाहिने घरायसी सामानहरु | क) समुदायमा लगाइने अन्न बालीको परिचय<br><br>ख) गाउँ/छिमेकमा मनोरम स्थलहरुको परिचय<br>ग) दैनिक जीवनमा आवश्यक पर्ने घरायसी सामग्रीहरुको श्रोतको पहिचान | क) समुदायमा लगाइने विभिन्न बालीहरुको वर्गीकरण<br><br>ख) आफ्नो वडाभित्र रहेका प्रमुख पर्यटकीय स्थलहरु<br>ग) दैनिक जीवनमा अवाश्यक पर्ने सामानहरु पाइने स्थान पहिचान | क) समुदायमा लगाइने विभिन्न बालीहरुको भौगोलिक वर्गीकरण<br><br>ख) पाखीबास नगरपालिका भित्रका प्रमुख पर्यटकीय स्थलहरु (परिचय, संरक्षणमा खेल्नुपर्ने भूमिका)<br>ग) घरायसी काममा आवश्यक पर्ने सामग्री किनबेचबाट व्यापारको सामान्य परिचय<br>ख) समुदायका विभिन्न व्यवसायहरुको पहिचान वर्गीकरण | क) व्यावसायिक खेती, पशुपालन, मत्स्य पालन, कुखुरा पालन, मौरी पालन,<br>ख) पाखीबास नगरपालिका भित्रका प्रमुख पर्यटकीय स्थलहरुको महत्व<br>ख) पर्यटकीय स्थल निर्माण, विकास र संरक्षणमा सहभागिता आफ्नो समुदायमा उत्पादित सामान र शहरमा पाइने सामानको तुलना गर्न र व्यापारको परिचय मात्र<br>ग) घरेलु उद्योगको परिचय, सहभागिता र सहयोग गर्ने सीप<br>ग) गाँउ घरमा निर्माण गरिने सामग्रीहरु |

| क्र.सं. | विषयवस्तुको क्षेत्र/एकाइ | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | ५ |
|---|---|---|---|---|---|---|
| ३ | **पाखीबासको विविधता** | क) घर/छिमेकमा बोलिने भाषा<br>ख) जात थरको पहिचान | क) घर/ छिमेकमा बोलिने भाषा र मान्ने धर्म<br>ख) आफ्नो गाउँ टोलमा बसोबास गर्ने जात जातिको सूची | क) समाजमा मनाइने चाडवाड, रीतिरिवाज<br>ख) जातीय सहिष्णुता र सम्मान | क) जातीय भाषा, संस्कृति<br>ख) विभिन्न जातजाति र तिनीहरुको भाषा | क) जातीय भाषा, संस्कृति ( पहिचान, प्रयोग र संरक्षण)<br>ख) जात जातिका कला, धर्म, संस्कृतिको पहिचान र सम्मान |

| क्र.सं. | विषयवस्तुको क्षेत्र/एकाइ | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | ५ |
|---|---|---|---|---|---|---|
| ४ | **पाखीबासका सामाजिक संघ संस्था र विपत व्यवस्थापन कार्य** | क) विपदको परिचय | क) आफ्नो गाउँ टोलमा स्थापित सामाजिक संघ संस्थाहरुको नाम<br>ख) विपदको परिचय | क) सामाजिक संघ संस्थाबाट हुने फाइदा<br>ख) विपदबाट बच्ने उपायहरु | क) सामाजिक संघ संस्थाहरुको वर्गीकरण<br>ख) विपद व्यवस्थापनमा सक्रिय संस्थाहरु | क) सामाजिक संघ संस्थाले प्रवाह गर्ने सेवा र समुदायले संस्थाप्रति गर्ने व्यवहार |

| क्र.सं. | विषयवस्तुको क्षेत्र/एकाइ | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | ५ |
|---|---|---|---|---|---|---|
| ५ | **पाखीबासका सम्पदाहरु** | क) आफ्नो गाँउ टोलका सम्पदाहरु चिनारी | क) आफ्नो टोल बस्तीहरुममा रहेका सम्पदा स्थलहरुको पहिचान (वन ,धार्मिक स्थल र मनोरम स्थलहरु | क) आफ्नो वडामा रहेका सम्पदाहरुको खोजी र वर्गीकरण<br>ख) आफनो वडामा रहेका साँस्कृतिक सम्पदा खानी झरना, गुफा, ताल | क) सम्पदाहरुको परिचय, पाखीबास नगरपालिका भित्रका सम्पदाहरुको वर्गीकरण गरी संरक्षणमा सहभागिता | क) पाखीबासका सम्पदाहरुको खोजी र संरक्षणमा सहयोग र सहभागिता<br>ख) पाखीबासका सम्पदाहरु नक्सामा भर्न |

| क्र.सं. | विषयवस्तुको क्षेत्र/एकाइ | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | ५ |
|---|---|---|---|---|---|---|
| ६ | **पाखीबासको इतिहास** | क) आफनो वडाको नम्बर, टोल, गाउँ पहिचान<br>ख) आफ्नो नगरपालिकाको नाम<br>ग) आफनो गाँउ | क) आफु बसेको टोल बस्तीको नामाकरणको खोजी<br>ख) पाखीबास नगरपालिकाको नामकरणको खोजी | क) पाखीबासको नामाकरण<br>ख) पाखीबासको इतिहासको खोजी<br>ग) आफनो समुदायका ऐतिहाासिक व्यक्तित्वहरु | क) पाखीबासको ऐतिहासिकताको खोजी गरि पाखीबास शब्दको उत्पति<br>ख) आफ्नो गाउँ बस्तीको इतिहासको | क) पाखीबासको ऐतिहासिक पूष्ट भूमिको परिचय<br>ख) पाखीबास शब्दको ऐतिहासिक खोज र उचित सरक्षण<br>ग) पाखीबासको ऐतिहासिक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | टोलका ऐतिहासिक व्यक्तित्वहरु | ग) आफनो गाउँ टोलका ऐतिहासिक व्यक्तित्वको खोजी र परिचय | योगदानः खोजी, सम्मान र अनुशरण | खोजि<br>ग) पाखीबासका ऐतिहासिक व्यक्तित्वहरुको योगदानको साम्मान र अनुसरण | व्यक्तित्वहरु र वीर सहिदहरुको खोजी र सम्मान<br>घ) पाखीबास नगरपालिका गठन हुँदा समायोजन भएका संरचनाहरु |

| **क्र.सं.** | **विषयवस्तुको क्षेत्र/एकाइ** | **कक्षा १** | **कक्षा २** | **कक्षा ३** | **कक्षा ४** | **५** |
|---|---|---|---|---|---|---|
| ७ | **पाखीबासका असल व्यक्तित्वहरु** | क) वडा भित्रका असल व्यक्तित्वहरुको पहिचान<br>ख) सामाजिक कार्यहरुको सूची<br>ग) असल व्यवहार (आमा बाबु, साथीहरुसँग) | क) असल बानी (नम्र बोली, सहयोगी मेहेनति, लगनशील)<br>ख) सामाजिक सेवा (राजनीति, शिक्षा, स्वास्थ्य, अन्य सामाजिक सेवा) | क) असल आचरण (सहयोगी, मृदुभाषी, लगनशील, मेहेनति, उच्चतम् शैक्षिक योग्यता आदि)<br>ख) सामाजिक कार्यको क्षेत्र ( शैक्षिक, राजनैतिक, अन्य समाजसेवा, कला, साहित्य, गीत सङ्गीत) | क) असल व्यक्तित्वको परिचय ( नाम, ठेगाना, सामाजिक योगदान, असर, प्रतिफल) | क) सामाजिक कार्य ( सडक निर्माण, विद्यालयको उत्सव, वातावरण सरसफाइ, सामुदायिक भवन निर्माण, विवाह, व्रतबन्ध, भोज आदिमा सहयोग)<br>ख) असल व्यवहार (सम्मान, माया, आदर, सत्कार, सहयोग, सद्भाव) |

| **क्र.सं.** | **विषयवस्तुको क्षेत्र/एकाइ** | **कक्षा १** | **कक्षा २** | **कक्षा ३** | **कक्षा ४** | **५** |
|---|---|---|---|---|---|---|
| ८ | **पाखीबासको स्थानीय प्रविधि** | क) स्थानीय प्रविधि (हलो, कोदालो, ढिकी, जाँतो आदि) को पहिचान<br>ख) परम्परागत नाप (हात, बित्ता, अमल, माना पाथी मुरी आदि) को पहिचान<br>ग) तौल (तुलो) को पहिचान | क) स्थानीय प्रविधि (ढिकी, जाँतो, हलो, कोदालो, खन्ती आदि) को परिचय<br>ख) नापको प्रयोग र तुलना ( हात भन्दा बित्ता, बित्ताभन्दा अमल सानो हुन्छ )<br>ग) नाप (८ माना बराबर १ पाथी, २० पाथी बराबर १ मुरी)<br>घ) तौलः (तुलोः धार्नी तराजु/काँटाः तोला) | क) नापको प्रयोग ( औँला, हात, बित्ता, कुरेत, आदिबाट वस्तुको नाप) | क) स्थानीय प्रविधि (कोल, घट्ट, ओख्ली, मुस्ली, डोको, नाम्लो, खन्ती आदिको पहिचान र प्रयोग) | क) स्थानीय प्रविधि (ढिकी, जाँतो, हलो, जुवा, खन्ती, कोदालो, घट्ट आदि)<br>ख) आधुनिक प्रविधि ( कुटानी पिसानी मिल, हाते ट्रयाक्टर, ड्रिल मेसिन, तोरी पेल्ने मिल आदि)<br>ग) स्थानीय नाप (हात, बित्ता, कुरेत, अम्फ, माना, पाथी, कुरुवा)<br>घ) तौल (धार्नी, बिसौली, आठपोल, बोडी, तोला)<br>ङ) आधुनिक प्रविधि (ग्राम, किलोग्राम, मन, क्विन्टल आदि) |

| क्र.सं. | विषयवस्तुको क्षेत्र/एकाइ | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | ५ |
|---|---|---|---|---|---|---|
| ९ | **पाखीबासको परम्परागत उपचार पद्धति** | क) छिमेकमा रहेका वैद्यको पहिचान | वैद्यबाट गरिने उपचारः कुरिलो, गुर्जो, घोरताप्रे, रुदिलो, चिराइतो, भुमिझार आदिको पहिचान | वैद्यबाट गरिने उपचारः कुरिलो, गुर्जो, घोरताप्रे, रुदिलो, चिराइतो, भुमिझार आदिको प्रयोग विधि | क) घरेलु उपचार ( चोट लाग्दा, ज्वरो आउँदा, निमोनिया आदि हुँदा गरिने परम्परागत उपचार | क) आयुर्वेदिक उपचारः वैद्यले गर्ने उपचार<br>ख) आधुनिक उपचार : डाक्टरले गर्ने उपचार, चिरफार गरी गरिने उपचार आदि |

| क्र.सं. | विषयवस्तुको क्षेत्र/एकाइ | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | ५ |
|---|---|---|---|---|---|---|
| १० | **पाखीबासको भूगोल** | | | क) पाखीबास नगरपालिकाको नक्सामा आफ्नो वडा | क) पाखीबासको भौगोलिक बनोट र हावापानी<br>ख) पाखीबासको सिमाना | क) पाखीबासको वडा विभाजन सहितको नक्सा<br>ख) पाखीबासको अक्षांश र देशान्तरको पहिचान<br>ग) उचाइका आधारमा हावापानीको स्वरुप तथा भू-बनोट |

## सिकाइ सहजीकरण प्रक्रिया

यस स्थानीय पाठ्यक्रम **हाम्रो पाखीबास**का क्षेत्रलाई विभिन्न १० ओटा विषय क्षेत्रमा प्रस्तुत गरिएको छ । यसमा समावेश भएका सामग्रीहरूलाई विषयको प्रकृतिका आधारमा प्रयुक्त सबै सामग्रीलाई प्राथमिकतापूर्वक उत्तिकै महत्व दिनुपर्ने हुन्छ । भाषाका विषयमा जस्तै यस पाठ्यक्रमले परिकल्पना गरेको विषयमा पनि ज्ञान, सिप र धारणा तिनै पक्षलाई समेट्नु पर्दछ । विषयवस्तुको व्यवहारिक ज्ञान दिन विषय शीर्षकअनुसार अध्ययन, अवलोकन, भ्रमण र निरीक्षणका काममा लगाउनु पर्छ । यस स्थानीय पाठ्यक्रम हाम्रो पाखीबासको अपेक्षा आफ्नो स्थान विशेषलाई महत्त्व दिएर सिकाउनु रहेको छ । अत : विद्यार्थीमा रहेका रचनात्मक तथा सिर्जनात्मक क्षमता प्रस्फुटन हुने गरी व्यावहारिक ढङ्गले निर्धारित ढाँचाको कार्ययोजना बनाएर सिकाउनु पर्ने हुन्छ । यसका लागि विभिन्न विधि अवलम्बन गरेर सिकाउनु आवश्यक हुन्छ । यस सम्बन्धी केही नमुना विधिहरू यसप्रकार छन् :

**१) प्रश्नोत्तर विधि:**

विषयवस्तुको परिधिमा रहेर शिक्षक विद्यार्थी तथा विद्यार्थी विद्यार्थीबीच प्रश्नोत्तर विधिको उपयोग गरेर सिकाउने/सिकाइन्छ ।

**२) प्रदर्शन विधि:**

विषयवस्तुको केन्द्रमा रहेर विद्यार्थीलाई ज्ञान, सिप र धारणा बसाउन सहयोग गर्ने वा पुग्ने गरी प्रदर्शन विधिको प्रयोगबाट सिकाइ गतिविधि अगाडि बढाउने/बढाइन्छ ।

**३) समस्या समाधान विधि:**

विषयवस्तुको केन्द्रमा रहेर समस्या दिने र उक्त समस्याको समाधान गर्न सिकाउने गतिविधि यसमा अवलम्बन गरिन्छ ।

**४) अवलोकन विधि:**

विषयवस्तुको प्रकृतिका आधारमा अवलोकन गर्न सकिने र मिल्ने भए अवलोकनका माध्यमबाट सिकाउने गरिन्छ ।

**५) छलफल विधि:**

समूहमा वा व्यक्तिका बीच परस्पर छलफल गर्न लगाइ सिकाइ क्रियाकलाप सम्पन्न गर्न प्रेरित गर्ने विधि नै छलफल विधि भएकोले वास्तविक तथ्य सङ्कलन गर्न छलफल विधिको उपयोग गरेर सिकाइन्छ ।

**६) अभिनय विधि:**

चरित्र चित्रण तथा व्यक्तित्वसँग सम्बन्धित सामग्री भए अभिनय विधिबाट सिकाइन्छ ।

**७) खोज विधि:**

सिकाइ क्रियाकलापलाई प्रभावकारी र दीगो बनाउन उपयोग हुने अर्को प्रमुख विधिको रूपमा खोज विधिलाई लिइन्छ । खोज विधिमा सामग्रीको खोजलाई उच्च प्राथमिकता दिइन्छ ।

**८) परियोजना कार्य विधि:**

परियोजना कार्य विधिको प्रयोगले कुनै पनि कार्य समूहमा वा एकल कुनै तरिकाबाट कसरी सहजै सम्पन्न गर्न सकिन्छ भन्ने कुरालाई उच्च प्राथमिकता दिएर गरिन्छ र विद्यार्थीहरूलाई गर्न लगाइन्छ । काम, समय र व्यक्तिको सङ्ख्यालाई परियोजनामा विशेष महत्व दिइन्छ । विषयवस्तुको प्रकृति विद्यार्थीको उमेर समूह, सिकाइ स्तर, स्थानीय परिवेशजस्ता पक्षमा यस विधिमा विशेष ख्याल गरिन्छ ।

**९) वाचन/कथाकथन विधि:**

कुनै पनि विषयवस्तुलाई कथात्मक शैलीमा प्रस्तुत गर्न सिकाउने कला वा विधि नै कथाकथन विधि हो । यसलाई वाचन विधि पनि भनिन्छ । घटनाहरूको तारतम्यता वा कलात्मक प्रस्तुति गराउन वा गर्न लगाउन यो विधि अनिवार्य मानिन्छ ।

**१०) घटना अध्ययन विधि:**

घटना अध्ययनमा समाजका सामाजिक विषयसँग सम्बद्ध घटनाहरू पर्दछन् । यसमा विविध विषयवस्तुहरू पर्न सक्छन् । होची अर्घेली वा घटना दुर्घटनाका विषय पनि हुन सक्छन् । जुनसुकै प्रकृतिका विषय भए पनि तिनको अध्ययन गरी चित्त बुभ्दो निष्कर्षमा पुग्ने गरी घटनाहरूको अध्ययन र निचोड गर्न प्रेरित गर्ने र सोही आधारमा घटनाको व्यवस्थापन गर्न सिकाउनु नै घटना अध्ययन विधि हो ।

**११) क्षेत्र भ्रमण:**

क्षेत्र भ्रमण Field Trip अन्तर्गत विद्यार्थीहरूले आफ्नो पाठ्यवस्तुसँग सम्बन्धित रहेर कुनै निश्चित क्षेत्रको भ्रमण गरी प्रत्यक्ष रूपमा विषयको अनुसन्धनात्मक अध्ययन गर्दछन् । क्षेत्र भ्रमणले शिक्षक तथा विद्यार्थी दुबैलाई नियमित रूपमा कक्षाकोठामा हुने पठनपाठनबाट बाहिर जाने मौका प्रदान गर्ने हुँदा छुट्टै अनुभव र आनन्द दिन्छ । यसका निम्नानुसारका ३ मुख्य चरणहरू हुन्छन् :

**पहिलो चरण :** यस चरणमा भ्रमणको तयारी हुन्छ जसअन्तर्गत शिक्षकले विद्यार्थीहरूलाई विषयवस्तु तथा गन्तव्यको परिचय गराई आवश्यक तयारी गर्छन्/गर्न लगाउँछन् ।

**दोस्रो चरण :** यस चरणमा शिक्षकको नेतृत्वमा विद्यार्थीहरू निर्दिष्ट गन्तव्य (क्षेत्र) मा पुग्दछन् र अवलोकन तथा अन्तक्रिया गर्दछन् ।

**तेस्रो चरण :** भ्रमण सकिएपछि आउने यस चरणमा सहभागीले भ्रमणबाट प्राप्त तथ्यतथ्याङ्कका विषयमा छलफल गरी निश्कर्ष निकाल्छन् । यसका अतिरिक्त शिक्षकले विद्यार्थीहरूलाई विभिन्न प्रश्न सोधी उत्तर खोज्ने र छलफल गर्ने पनि गर्दछन् ।

अध्ययन विश्लेषणका क्रममा माथि उल्लेख गरिएका विधिहरू भन्दा बाहेक अन्य विधिहरूको पनि चर्चा गरिएको पाइन्छ । यस्ता विधिहरूले पनि सिकाइको गतिमा विस्तार र विकास गर्न योगदान गर्दछन् । केही फरक चिन्तनपरक विधिहरू पनि वर्तमान अवस्थामा व्यवहार र प्रयोगमा आएका छन् । केही त्यस्ता विधिहरू निम्न छन् :

## समालोचनात्मक चिन्तनपरक विधिहरू

गुण-दोषका आधारमा तथ्यहरू केलाउँदै सिकाउन प्रेरित गर्ने विधिलाई नवीनतम् विधिका रूपमा समालोचनात्मक विधि भनिन्छ । यो विधि सिकाइमा पछिल्लो समय प्रयोगमा आएको नौलो विधि हो । यसभित्र पनि विभिन्न विधिहरू पर्दछन् ।

### **क) मस्तिष्क मन्थन** (Brain Storming)

A method for generating many ideas about a topic विद्यार्थीलाई सबै किसिमले सबै कुरा सोच्न प्रेरित गर्ने विधि मस्तिष्क मन्थन विधि हो । यो कुनै पनि आग्रह पूर्वाग्रह नराखी कार्यसम्पादन गर्ने विधि हो । यसका चरणहरू निम्न छन् :

प्रथम चरण : सम्पूर्ण कक्षालाई मस्तिष्क मन्थनका विषयमा जानकारी गराउने ।
दोस्रो चरण : समस्या वा पाठ बुझिने गरी बताउने ।
तेस्रो चरण : निश्चित समय तोकेर विद्यार्थीलाई समस्या समाधान गर्न लगाउने ।
चौथो चरण : समस्या समाधानका उपाय बताउन विद्यार्थीलाई प्रेरित गर्ने, विचारलाई सम्मान गर्न भन्ने, थप कुरा राख्न भन्ने ।
पाँचौ चरण : उनीहरूले भनेका कुरा टिप्ने ।
छैटौं चरण : अन्तमा विद्यार्थीलाई समूहमा वा एक्लाएक्लै विचार मन्थन गर्न लगाउने ।

### **ख) सङ्गठित सिंहावलोकन** (Structure Overview)

छोटो समयमा सिकारुमा उत्सुकता जगाउन गरिने वा दिइने व्याख्यान नै सङ्गठित सिंहावलोकन हो । यसका चरणहरू निम्नलिखित छन् :

**पहिलो चरण :**

पाठका विषयमा चाख लाग्दा र सिकारुपरक विषयवस्तु बुझेर उनीहरूलाई भन्न लगाउने । पाठको अवधारणा र खास शब्दका विषयमा विवरण तयार गर्ने ।

**दोस्रो चरण :**

सिकारुको ध्यान तान्ने खालका नक्सा, चित्र, तालिका आदि कक्षामा लिएर जाने ।

**तेस्रो चरण :**

छोटो समय (पाँच मिनेट) मा प्रस्तुत गर्न सकिने मुख्य बुँदा भएको प्रस्तुति तयार गर्ने ।

**चौथो चरण**

विद्यार्थीलाई व्यस्त र अन्तरक्रियात्मक बनाउनुका साथै प्रश्नोत्तर गर्ने र टिप्पणी गर्दै हौसला दिने ।

**पाँचौं चरण :**

केही सान्दर्भिक विषय पछि बताउँला भन्दै प्रस्तुति अन्त्य गर्ने जसले उनीहरूमा उत्सुकता जगाओस् ।

## जिग्सः (Jigsaw)

जिग्सः विधिलाई सहयोगात्मक विधि पनि भनिन्छ । एक आपसमा सहयोग गरेर सिकिने र सिक्न सकिने कुरालाई आधुनिक नवीन चिन्तनका रूपमा स्वीकार गरिएको छ । यसमा विज्ञ समूह र मातृसमूह रहन्छ । विज्ञ समूह मातृ समूह र मातृ समूह विज्ञ समूह भएर आफ्नो सिकाइ अनुभव आदानप्रदान गर्ने हुँदा यो विधि सिकाइका दृष्टिले उत्तम मानिन्छ । यस विधिका प्रक्रियागत चरण यस प्रकार छन् :

**पहिलो चरणः**

विज्ञ समूहका लागि शिक्षकले प्रश्न निर्माण गरिन्छ । यो तयारी गर्दा हरेक समूहका लागि प्रश्न सेट तयार गरिन्छ र प्रश्न बनाउँदा तोकिएको पाठ्यांशबाट बनाइन्छ ।

**दोस्रो चरण :**

- शिक्षकले ४/५ जनाको समूह बनाई विद्यार्थीलाई मातृ समूहमा बस्न लगाउने ।
- एक आपसमा घुलमिल हुने र सौहार्द्रपूर्ण व्यवहार प्रदर्शन गर्ने परिवेश तयार गर्ने ।

**तेस्रो चरण :**

शिक्षकले मातृ समूहका विद्यार्थीलाई विज्ञ समूहमा मिलेर काम गर्न लगाउने । मातृसमूहका कम्तिमा एक एक जनालाई विज्ञ समूहमा नेताको छनोट गर्ने ।

**चौथो चरण :**

शिक्षकले प्रत्येक समूहलाई आफ्नो समूहमा परेको प्रश्नको उत्तर खोज्न लगाउने । विज्ञ समूहमा रहेर प्राप्त गरेको सूचना मातृ समूहमा गएर कसरी प्रस्तुत गर्ने भन्ने तयारी गर्ने । समस्या भए शिक्षकले सहयोग गर्ने ।

**पाँचौं चरणः**

विज्ञ समूहमा रहेर आर्जन गरेको ज्ञान मातृ समूहमा फर्केर प्रयोग गर्ने । निश्चित समयभित्र छलफल गरी टुङ्गोमा पुग्ने र आफ्नो विज्ञता प्रस्तुत गर्ने मौका दिइने । यसमा छलफल र प्रश्नोत्तरले विशेष प्राथमिकता पाउने।

## सोच, जोडीमा छलफल 'आदान प्रदान (Think, Pair, Share)

समान सोच भएका जोडीहरू बनाउन र तिनका माध्यमबाट सिकाइमा लगाव बढाइ पाठप्रति उत्सुकता जगाउन यो विधि उपयोगी मानिन्छ । सिर्जनशील छलफल गर्न र चिन्तन विकास गर्न यो विधि अवलम्बन गरिन्छ । यसका चरणहरू निम्न छन् :

**पहिलो चरणः**

शिक्षकले दिएका प्रश्नका विषयमा तोकिएको समयभित्र सोच विचार गर्ने ।

**दोस्रो चरणः**

आफ्नो जोडीसँग छलफल गरेर साझा विचार बनाउने ।

**तेस्रो चरणः**

सबै जोडीले आफ्नो विचार सबैसँग प्रस्तुत गर्ने । प्रस्तुत भएका विचार टिपोट गर्ने ।

## सङक्षिप्त/द्रुत लेखन (Quick Write)

छलफल गरिएका र गरिने क्रममा आएका स्वतस्फूर्त रचनात्मक र सिर्जनात्मक असल विचारलाई तत्कालै टिपोट गर्न र त्यसलाई लिपिबद्ध गर्न यो विधि उपयोगी मानिन्छ । अनौपचारिक पक्ष भित्रका महत्वपूर्ण कुरालाई समेट्न यो विधि सर्वोपयोगी मानिन्छ । ५-१० मिनेटभित्र सम्पन्न गरिसक्नुपर्ने क्रियाकलापका लागि यस विधिलाई उपयोग गरिन्छ । यसका चरणहरू निम्न छन् :-

**पहिलो चरणः**

आफूले दिन लागेको विषयमा विद्यार्थीहरूलाई छोटो विचार लेख भनेर बताउने र निर्दिष्ट समय सीमाभित्र निरन्तर लेख्न भन्ने ।

**दोस्रो चरण:**

विद्यार्थीलाई लेख्नका लागि निर्दिष्ट विषय दिने ।

**तेस्रो चरण:**

समय यकिन गरिदिने । यसले लेखनमा द्रुतता दिलाउन सहयोग गर्ने र समयमा काम फत्ते हुने हुन्छ ।

**चौथो चरण:**

विद्यार्थीले तयार गरेको लेख प्रस्तुत गर्न लगाउने । यसरी प्रस्तुत भएका लेखमा आवश्यकता अनुसार परिमार्जन गरेर प्रकाशन योग्य बनाउन सकिने ।

## मान्यता (Value line)

मान्यतालाई सहयोगात्मक सिकाइ क्रियाकलापका रूपमा अर्थ्याइन्छ । अरुका फरक वा भिन्न विचार आउन सक्ने विषयमा विद्यार्थीलाई आफ्नो विचार राख्न लगाउन उपयोग गरिन्छ । विचार वा भनाइमा हुने सहमति वा असहमतिका बीचको विभेद कारणसहित प्रस्तुत गर्नु वा अरुका तथ्यपरक विचारको सम्मान गर्नु यसको प्रमुख पक्ष हो । यस किसिमको रचनात्मक र सिर्जनात्मक गुण विद्यार्थीमा हुनुपर्दछ । यस किसिमको अभ्यासले कुनै विषयमा ध्यान दिने, त्यसमा आफ्नो राय दिने, अरुका धारणा सुन्ने, तथ्य र तर्क पर्गेल्ने, कारण सहित स्वीकार वा अस्वीकार गर्ने जस्ता पक्ष यसमा प्रमुख रहन्छन् । यसका चरणहरू निम्न छन् ।

**पहिलो चरण:**

शिक्षकले कक्षालाई विपक्ष वा पक्षमा खडा हुने खालका प्रश्न सोध्ने । उत्तरका रूपमा प्राप्त तथ्य समर्थन वा विरोधका रूपमा प्रस्तुत हुने/हुनुपर्ने ।

**दोस्रो चरण:**

हरेक विद्यार्थीले आफ्नो तथ्य र तर्क स्वतन्त्र भएर टिपोट गर्ने वा लेख्ने ।

**तेस्रो चरण:**

शिक्षक र विद्यार्थी विपरित दिशामा रहने र छलफल गर्न लागिएको विषय पनि विल्कुल उल्टो धारणा आउने प्रकृतिको रहेको/रहने/हुनुपर्ने ।

**चौथो चरण:**

विद्यार्थीलाई आफ्नो राय वा मत मिल्ने समूहतिर लाग्न निर्देश गर्ने । यसले स्पष्ट रूपमा समूह बनाउने।

**पाँचौ चरण:**

आफ्नो समूहका विद्यार्थीलाई छलफल गर्न लगाउने । यदि मत फरक भए अर्को समूहमा पठाउने ।

**छैटौं चरण:**

दुवै समूहका विद्यार्थीले तर्क र तथ्यका आधारमा छलफल जारी राख्ने ।

**सातौं चरण:**

प्रत्येक समूहका प्रतिनिधि एक/एक जनालाई आफ्नो विचार प्रस्तुत गर्न लगाउने । तथ्य र तर्कमा आधारित रहेर गरिएको विचारलाई मान्यता दिने ।

विद्यार्थीको सिकाइलाई प्रभावकारी बनाउन विद्यार्थी केन्द्रित विधिलाई प्राथमिकता दिएर सिकाइ अगाडि बढाउनुपर्छ । माथि उल्लेख गरिएका केही नयाँ विधिहरू हुन् वा पुराना विधि नै किन नहुन्, सबैमा विद्यार्थीको सक्रिय भूमिकाले महत्त्व पाउनुपर्छ । माथि उल्लेख गरिएका विधिहरू नमुनामात्र हुन् । यस्ता अन्य विधिहरू पनि उपयोगमा ल्याउन सकिन्छ ।

# मूल्याङ्कन प्रक्रिया र यसको रूपरेखा

पाठ्यक्रमले परिकल्पना गरेका सक्षमता एवम् सिकाइ उपलब्धि पूरा गराउन योजनाबद्ध किसिमले शिक्षण गर्नुपर्दछ । शिक्षण, सिकाइमा परिणत भए मात्र शिक्षण सिकाइ कार्यकलाप प्रभावकारी भएको मानिन्छ । सिकाउन खोजिएको कुनै कुरा विद्यार्थीले सिकेन भने शिक्षकले सिकाउन नसकेको ठहर्छ । प्रभावकारी शिक्षण सिकाइ भए नभएको थाहा पाउने माध्यम नै मूल्याङ्कन हो । त्यसैले शिक्षण सिकाइ कार्यकलापको अभिन्न अङ्गको रूपमा मूल्याङ्कन रहेको हुन्छ ।

कार्यक्रमको प्रभावकारिता हेर्न मूल्याङ्कन गर्ने प्रचलन छ । शिक्षण सिकाइ कार्यकलाप शैक्षिक कार्यक्रम हो । यसमा पाठ्यक्रमले तोकेका सिकाइ सक्षमता एवम् सिकाइ उपलब्धि पूरा गराउने उद्देश्यका साथ कार्यकलाप सञ्चालन गरिन्छ । उद्देश्य अनुरूप शिक्षण गतिविधि नभएमा विद्यार्थीमा राम्ररी सिकाइ हुँदैन । फलस्वरूप सिकारु, अभिभावक र राज्यकै लगानी खेर जान सक्छ । विद्यार्थीले सिक्न नसक्नुका विभिन्न कारणहरू हुन सक्छन् । विद्यार्थीको उमेर र स्तरअनुसारको सिकाइ सक्षमता वा सिकाइ उपलब्धि नहुनु, विद्यार्थीको सिक्ने शैली र शिक्षकको सिकाउने शैलीका बीचमा तादात्म्य नहुनु, विद्यार्थीमा पूर्व ज्ञानको विकासबिनै सिकाउने प्रयत्न गर्नु तथा सिक्नका लागि विद्यार्थी तयार नहुँदै सिकाउनु लगायतका कारणहरूले सिकाइमा प्रभाव पारिरहेको हुन सक्छ । वर्षभरिको प्रयत्नको प्रभावकारिता लेखाजोखा गरी विद्यार्थीलाई कक्षा चढाउने वा नचढाउने, कुन श्रेणी वा ग्रेडको प्रमाणपत्र दिनेजस्ता पक्षहरूको निर्णय गर्न निर्णायात्मक मूल्याङ्कनको खाँचो पर्दछ भने शैक्षिक सत्रको सुरुदेखि शिक्षण गतिविधि सँगसँगै शिक्षण कार्यकलापमा रहेका सबल पक्षका साथै सिकाइमा रहेका समस्या पहिचान गरेर समयमै सुधार गरी समय, परिश्रम र धनको नोक्सानी हुन नदिन निर्माणात्मक मूल्याङ्कन गर्नुपर्दछ । निरन्तर विद्यार्थी मूल्याङ्कन निर्माणात्मक स्वरूपको मूल्याङ्कन हो ।

विद्यार्थीको सिकाइका लागि गरिने कक्षा कार्यकलाप सँगसँगै गरिने लेखाजोखा नै निरन्तर मूल्याङ्कन हो। सिकाइका लागि मूल्याङ्कनको मान्यतालाई कार्यान्वयनमा ल्याउन निरन्तर मूल्याङ्कन प्रणाली अपनाइन्छ । विद्यार्थीका विद्यमान सिकाइ उपलब्धिको स्तर पत्ता लगाई तत्काल उपचारात्मक उपायहरू अपनाउन निर्देश गर्ने भएकाले यसलाई उपचारात्मक शिक्षणको आधारका रूपमा पनि लिन सकिन्छ । यस अर्थमा विद्यार्थीको सिकाइ उपलब्धिस्तरमा निरन्तर सुधारको उद्देश्यले नियमित रूपमा गरिने निर्माणात्मक मूल्याङ्कनलाई नै निरन्तर मूल्याङ्कन भनिएको छ ।

निरन्तर मूल्याङ्कन प्रणाली वैध एवम् वास्तविक मूल्याङ्कन पनि हो । यसमा कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, विद्यार्थी व्यवहार आदि पक्षहरूको अवलोकनका आधारमा विद्यार्थीको सिकाइको वास्तविक अवस्था पहिचान गरिन्छ । त्यसपछि सुधारका लागि उपयुक्त उपायहरूको अवलम्बन गरिन्छ। निरन्तर मूल्याङ्कन बहुआयामिक रूपमा गरिने मूल्याङ्कन हो । विद्यार्थीको व्यवहार परिवर्तनको अवलोकन, सिकाइ उपलब्धि परीक्षण, अभिभावकसँग सोधपुछ, सहपाठीबाट मूल्याङ्कन आदि तरिकाबाट गरिने भएकाले यसले सर्वाङ्गीण विकासको वास्तविक अवस्था पहिल्याई सुधारका उपयुक्त रणनीति अवलम्बन गर्न सघाउँछ । *(स्रोत : गणेशप्रसाद भट्टराई, निर्देशक, पाठ्यक्रम विकास केन्द्र)*

पाठ्यक्रममा आधारित भएर सिकाइगत उपलब्धि तथा विषयवस्तुका आधारमा मूल्याङ्कन गर्दा निम्न आधार अवलम्बन गरिनु पर्दछ :

१) सिकाइ उपलब्धि अनुरूप विद्यार्थीले विषयवस्तुको ज्ञान हासिल गर्न सके नसकेको निरन्तर मूल्याङ्कन गर्ने
२) एकाइगत रूपमा अपेक्षित मर्म पूरा गर्न सके नसकेको मूल्याङ्कन गर्ने
३) खण्डगत मूल्याङ्कन गर्दा जहाँ जुन प्रकृतिको कमी छ सो पत्ता लगाई सुधार गर्ने प्रकृतिको मूल्याङ्कन गर्ने
४) शिक्षक, अभिभावक, विद्यार्थी र विद्यालयबीच समन्वय गरी विद्यार्थीले सिकेका ज्ञान, सिप र व्यावहारका कुरा अन्तर्क्रिया र छलफल गरी अझ मजबुत बनाएर त्यसमा सुधार ल्याउने मूल्याङ्कन गर्ने
५) सैद्धान्तिक तथा प्रयोगात्मक पाठ्यभार यकिन भएका विषयहरूमा विषयको प्रकृतिका आधारमा दुवै खालका विषय समेटिने गरी वस्तुनिष्ठ मूल्याङ्कन गर्ने
६) मूल्याङ्कन गर्दा विषयगत र सिपगत दुवै पक्षको वास्तविक मूल्याङ्कन हुने रणनीतिक योजना बनाई त्यसकै आधारमा मूल्याङ्कन गर्ने
७) निर्माणात्मक र निर्णयात्मक दुवै प्रकृतिको मूल्याङ्कन प्रक्रिया अवलम्बन गर्ने

# पाठ्यक्रमको विस्तृतीकरण

## कक्षा: १

| क्षेत्र/एकाइ | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ क्रियाकलाप | मूल्याङ्कन विधि | पाठ्यभार |
|---|---|---|---|---|---|
| १) पाखीबासको स्थानीय सरकार | १.नगरपालिका भित्र रहेका वडाहरुको संख्या बताउन | वडाहरुको संख्याः<br>वडा नं १- १०<br>..<br>... | पाखीबास (नगरपालिकाको नक्सामा वडाहरु गन्न लगाउने<br>वडाहरुको सूची बनाउन लगाउने | पाखीबास नगरपालिका भित्रका वडा संख्या सोध्ने,<br>नक्सामा वडाहरु पत्ता लगाउन लागाउने /विद्यार्थीले आत्मविश्वासका साथ उत्तर दिए नदिएको हेरेर थप पृष्ठ पोषण समेत दिने । | १२<br>घण्टा |
| | आफ्नो वडाको वडाध्यक्ष र वडासदस्यको नाम र पद बताउन | आफनो वडाका जनप्रतिनिधी | आफ्नो वडाका को को जन प्रतिनिधि - वडा सदस्य/वडा अध्यक्ष विद्यालय रहेको टोलमा बस्नुहुन्छ ? बताउन लगाउने, (वडाध्यक्ष/वडासदस्यहरुका नाम र पद फ्लेक्स चार्ट बनाइ प्रदर्शन गरी छलफल गराउने | आफ्नो वडाको वडाध्यक्ष र सदस्यको नाम र पद बताउ । विद्यार्थीहरुले दिएको उत्तर सही, अनुमानका आधार कुन हो हेरेर आवश्यकता अनुसार पृष्ठपोषण दिने । | |
| २) पाखीबासको आर्थिक क्रियाकलाप | १) आफ्नो टोलमा पाइने धानका बताउन<br><br>२) गाउँटोलको व्यापारको पहिचान गर्न । | अन्नवालीः धानः<br>(लेक–दरमाली, भूईमाली, राते, मध्यपहाड – सतराज,मनसरा,कटका–मार्सी–अट्टे,<br>तल्लो बैंशी क्षेत्रमाः मनसुली, रगेली–रागा, मसिनो विभिन्न जात),<br><br>आफ्नो गाउँटोलका पसल र यिनीहरुको प्रयोग | १) धानका दाना,फोटो,वा धान देखिने भिडियो प्रस्तुत गर्ने, आफ्ना गाउँ टोलमा पाइने धान कुन कुन हुन मौखिक रुपमा बताउन अभिप्रेरित गर्ने<br>२) आफ्नो घर र विद्यालय आसपासका पसल र पसलमा पाईने विभिन्न वस्तु तथा सेवा के के हुन ? छलफल गराउने, प्राप्त सहयोगको सूचीहरु प्रदर्शन छलफल गराउने । | १) आफ्नो टोलमा पाइने धानका जातहरुको सूची बनाऊ ।<br><br>२) पसलबाट कुन कुन सामग्री खरिद गर्न सकिन्छ ?<br>३) तिम्रो टोलमा रहेको पसलमा के कस्ता सामग्री खरिद विक्री हुन्छ ? | १६<br>घण्टा |
| | गाउँघरका मानिसहरुले गर्ने पेसाहरुको पहिचान गर्न । | बिभिन्न पेसा प्रतिको सम्मान गर्ने बानीको विकास | गाउँघरमा विभिन्न पेसामा संलग्न मानिसहरुको चित्र र छलफल गराइ पेसाको जानकारी | गाउँघरका विभिन्न पेसाबाट समुदायलाइ हुने फाइदा बताऊ | |
| | घरेलु उद्योगको सामान्य पहिचान गर्न । | गाउँघरमा बन्नेबनाउने सामानहरुको प्रयोग र संरक्षण | गाउँघरमा बन्ने सामानहरु डोको, नाम्लो, खुकुरी ,हँसिया, पिरा, गुन्द्री, मान्द्रो, सुकुल, घुम, ढाका टोपीहरुको चित्र प्रदर्शन गर्ने/प्रतिमूर्ति/वास्तविक वस्तु देखाउने, | घरेलु उद्योबाट बन्ने सामान के के हुन ? | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | छलफल गराउने र घरेलुको परिभाषा सामान्यरुपमा बताइदिने | | |
| ३) पाखीबासको विविधता | -प्राकृतिक स्थलहरुको नाम बताउन। -आ आफना थर बताउन -छिमेकीहरुमध्ये २ ओटा जात बताउन -जातका आधारमा गरिने विभेदको अन्त गर्न सक्दो सहयोग गर्न -जातजातिका विविध कार्यहरुमा सहभागी हुन | -आफनो गाउँटोलमा रहेका प्राकृतिक स्थलहरु -आफू र आफ्ना छिमेक -जातजातिकाका देवाली विवाहमा सहभागिता र सहयोग । | -वडा भित्रका प्राकृतिक स्थलहरुको छलफल गराउँदै सूचि निर्माण गराउने (-राम्चे डाँडा, चिया बगान, तालतलैया, डिकुरे, छाम्लाड झर्ना, सुन्तले नागी, सान्ने, रमिते डाँडा, उत्तर पानी, चुङमाङ, जौटार, जलदेवी, मन्सिचौतारा, भूल्केदेवी, गुफा, चुलीलुङ, अरुण नदी, कृषि अनुसन्धान केन्द्र, माने डाडा शान्ति पार्क, आदि) -प्रत्येक विद्यार्थीको थर सोधी जातको विषयमा छलफल गराउँने -वडा भित्र बसोबास गर्ने जातजातिको नाम प्रदर्शन गरी छलफल गराउने -स्थानीय स्तरमा जातका आधारमा गरिने विभेदमाथि छलफल गराइ कुनै२ वटा विभेद भन्न लगाउने -वडा भित्रका देवाली, पापानी, मार्ग पूजा, गैया पूजा, संसारीमाई पूजा, कूलपूजा र वैवाहिक कार्यहरुको सूची निमार्ण गराइ छलफल गराउने | -आफना टोलमा भएका २ वटा प्राकृतिक स्थलको नाम भन -आ आफनो जात बताउ -आपना छिमेकी मध्ये २ वटा छिमेकीको नाम लेख -जातका आधारमा गरिने बिभेद भन -आफूले देखेका र सहभागी भएका कूल पूजा र विवाहको अनुभव बताउ समुह कार्यको रुपमा आ-आफ्नो टोल छिमेकमा भएका विभिन्न साँस्कृतिक क्रियाकलापकोसूची बनाउन लगाउने र आफुले कसरी त्यस्ता कार्यक्रममा सहयोग गरिन्छ, त्यस बारे बताउन लगाउने । | १५ घण्टा |
| ४) पाखीबासका सामाजिक संघ संस्थाहरु र विपद व्यवस्थापन कार्य | क) आफनो टोलमा भएका सामाजिक संघ संस्थाहरुका सूची तयार गर्न ख) विपदको अवस्था र त्यसबाट बच्ने उपाय बताउन । | क) आफनो टोलका सामाजिक संघसंस्थाहरु ख) आफनो टोलको विपदको अवस्था र सहयोग | क) वडा भित्रका बिद्यालय, सामुदायिक वन, क्लब, सहकारी संस्था, महिला समूह, आमा समूह, स्वास्थ्य कार्यालयहरुको विवरण प्रदर्शन गरी छलफल गराउने, ख) विपदमा सहयोग गरिरहेको चित्रहरु पर्दशन गरी बिपदको सामान्य परिचय दिन | क) आफना टोलका विद्यालय र स्वास्थ्य कार्यालयको नाम भन। ख) विपदमा परेका मान्छेलाई तिमी कसरी सहयोग गर्छौ ? | १२ घण्टा |
| ५) पाखीबासका सम्पदाहरु | सम्पदाहरुको पहिचान गर्न । | गाउँटोलमा रहेका प्राकृतिक सम्पदाहरु (झर्ना, ताल, वन चौतारा, खानी) | विद्यालय आसपासका प्राकृतिक सम्पदाहरु सूचि तयार गर्ने, सम्पदा सम्बन्धि फ्लेक्स प्रिन्टबाट सामग्री तयारी गरी प्रदर्शन गरेर छलफल गराउने | गाउँघरमा रहेका सम्पदाहरुको नाम भन । | १२ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| ६) पाखीबासको इतिहास | पाखीबासको नामाकरणको आधार बताउन । | पाखीबासको नामाकरण | पाखीबास नामाकरण बारे ऐतिहासिकता सप्रमाणको किंवदन्तीहरुको अडियो भिजुयल सुनाइ/हेराइ छलफल गराइ नामाकरण सम्बन्धि रोचक कथा सुनाउने -कथा-१-एउटा पाखीको बोट हुनु, परदेशीहरू त्यही रूखको फेदमा बास बस्नु, पाखीको फेदमा बास बस्ने भएकाले पाखीबास हुनु,<br>२- पहिले पाकरी घर र घुमाउने घर हुनु, पाकरी घरको चुच्चे गारो हुनु, घुमाउने घरको चुच्चे गारो नहुनु, पाकरी घरमा बास  बस्ने भएकाले त्यसैको अपभ्रंसबाट पाकरीबास हुदै पाखीबास हुनु । | पाखीबासको नाम कसरी रह्यो भन । | १६ घण्टा |
| | आफ्नो टोलका ऐतिहासिक व्यक्तिहरुको नाम बताउन । | आफ्नो टोलका असल र ऐतिहासिक व्यक्तिहरुको खोजी | विद्यालय वा वडा भित्रका ऐतिहासिक व्यक्तिहरुको नामावली र समाजलाई पुऱ्याएको योगदानहरुको सूचि तयार गरी प्रदर्शन/ छलफल गराउने | आफनो टोलका सम्मानित ऐतिहासिक व्यक्तिहरुको नाम भन । | |
| | आफ्नो टोल भित्र रहेका ऐतिहासिक वस्तुहरु पहिचान गर्न । | आफनो टोलमा रहेका ऐतिहासिक वस्तुहरुको खोजी र संरक्षण | विद्यालय रहेको स्थान वा टोलका ऐतिहासिक वस्तुहरुको चित्र वा फ्लेक्स प्रिन्ट तयार गरी कक्षामा प्रदर्शन गरी छलफल गर्ने | आफ्ना टोलका ऐतिहासिक वस्तुहरु मध्ये २ वटाको नाम भन | |
| ७) पाखीबासका असल व्यक्तित्व हरु | - आफ्नो टोल भित्र रहेका असल व्यक्तित्वको  नाम बताउन र सामाजिक कार्यको सूचि बताउन<br>- परिवारमा असल व्यवहार गर्न । | - टोल भित्र रहेका असल व्यक्तित्वहरुका परिचय र सामाजिक कार्य (नाम, ठेगाना, जन्म, मृत्यु, आमा, बाबुप्रति असल व्यवहार सामाजिक कार्यको सूची आदि । | - सम्बन्धित वडाभित्र रहेका असल व्यक्तित्वहरुको सूची बनाई परिचय दिने र सामाजिक कार्यको बारेमा शिक्षकले बताउने / सम्बन्धित व्यक्तिको फोटो वा स्वयम् व्यक्ति नै उपस्थित गराई प्रस्तुत गर्ने ।<br>- उनीहरु सँगसँगै भन्ने र विद्यार्थीहरुलाई मात्र भन्न र चिन्न लगाउने । | - तिम्रो छिमेक (वडा) मा भएको कुनै एक जना असल व्यक्तिहरुको नाम बताऊ ।<br>- यो फोटोमा भएको व्यक्तित्व को हुनुहुन्छ ?<br>- वहाँले गर्नु भएको एउटा सामाजिक कार्य बताऊ । | १७ घण्टा |
| | टोल भित्रका असल व्यक्तित्वले गरेको कुनै एक कार्य बताउन । | - असल व्यक्तित्वहरुले गरेका कुनै सामाजिक कार्यको सूची । | - सम्बन्धित टोल भित्र रहेका असल व्यक्तित्वहरुका सूचि बनाई उनीहरुले गरेका सामाजिक कार्यहरुका बारेमा शिक्षकले बताउने /सम्वन्धित व्यक्तिको फोटा भ्रमण | तिम्रो वडाका असल व्यक्तित्वले गरेको कुनै एक कार्य बताऊ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - उनीहरुले गरेका कार्यहरुको सूची तयार गरी कक्षामा सुनाउने ।<br>- सँगसँगै सूचीमा भएका कार्यहरु पढ्ने र विद्यार्थीहरुलाई मात्र भन्न लगाउने । | | |
| | - विद्यार्थी आफूले विद्यालयमा वा घर छिमेकमा गर्ने गरेको कुनै एक वटा असल कार्य भन्न र कक्षा अभिनय गरी प्रस्तुत देखाउन साथै विद्यालयमा गरेका कुनै १ कार्य गरेर प्रर्दशन गर्न । | - (सामाजिक व्यवहार) साथीभाइसँग मिलेर बस्ने, बा आमालाई सक्ने काममा सहयोग गर्ने, आदर गर्ने, माया गर्ने बानीको विकास । | - शिक्षक आफू नमूना भई नानीबाबुहरुलाई सम्मान र माया गरी सम्बोधन गर्ने । नराम्रा बानी व्यहोरा प्रस्तुत नगर्ने । -नमस्कार,धन्यवाद,माफ गर्नुहोस,ढोग...)<br>- उनीहरु साथी साथी बिचमा पनि राम्रा बानीको विकास गराइ बोल्न र व्यवहार गर्न लगाउने ।<br>विद्यार्थीले आफनो परिवारमा असल व्यवहार पर्दशन गर नगरेको उनीहरुको घरका अभिभावकसँग सम्पर्क गरेर पत्ता लगाउने । नभएमा सुधारका लागि पुन सहजीकरण गर्नै | क) साथीसाथी बिचको संवाद सुनेर सुधार भए नभएको मूल्याङ्कन गर्ने ।<br>ख) तिमी, तपाई जस्ता आदरार्थी शब्दहरुको प्रयोग गरे नगरेको अवलोकन गर्ने ।<br>ग) साथीहरुसँग एकआपसमा मिलेर बसेको नबसेको अवलोकन गरी सुझाव दिने र राम्रा बानीहरुको विकास गर्न सहयोग गर्ने । | |
| ८) पाखीबासको स्थानीय प्रविधि | घरमा वा टोलमा भएका स्थानीय प्रविधिहरुको पहिचान गर्न । | स्थानीय प्रविधि (ढिकी, जाँतो, हलो, कोदालो, खन्ती, चिम्टा र खुकुरी आदि) | वियद्याालय नजिकैको घरमा वा टेलमा भएका प्रविधिहरुको वारेमा प्रत्यक्ष रुपमा अवलोकन गर्न लगाउन । सम्भव नभएमा शिक्षक आफूले चित्र बनाई बताउने र दृश्य वा वास्तविक वस्तु नै प्रयोग गरि शिक्षण सिकाई क्रियालकलाप गर्ने ।<br>सामग्रीको कक्षामा प्रयोग गरी सिकाई क्रियाकलाप गर्ने | तिम्रो गाउँ घरमा भएका कुनै एक ओटा स्थानीय प्रविधिको नाम भन र के कामका लागि प्रयोग गरिन्छ ? र कसरी ? | १४ घण्टा |
| | घरमा वा गाउँमा /टोलमा कुनै वस्तु नाप र प्रयोग गरिने स्थानीय प्रविधिहरुको पहिचान गर्न । | क) हात , बित्ता, कुरेत र अमल<br>ख) माना, पाथी र मुरी | –हात, वित्ता अमल (अम्ला) प्रयोग गरी कोठाको वा अन्य वस्तुहरुको नाप लिने र उनीहरुलाई पनि नाप्न सिकाउने /लगाउने<br>–माना पाथि जस्ता नापका वस्तुहरु ल्याई परिचय दिई अन्न /बालुवा र पानी नापेर देखाउने र नाप्न लगाउने | तिमी बसेको बेन्च कति हात लामो छ ? नापेर भन ।<br><br>-दूई माना चामल भरेर देखाऊ<br>-एक बोतल पानीमा कति माना पानी हुदो रहेछ ? भरेर | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | देखाउ । | |
| | घर वा छिमेकमा भएका स्थानीय प्रविधिको प्रयोग गरी वस्तुको तौल लिन । | -तुलो, तराजु (काँटा) | -तुलो कक्षाकोठामा प्रर्दशन गर्दै तुलोको डन्ठी सिधा हुने गरी ढुङगा वा अन्य वस्तु तुलोमा राख्ने र नाप्ने तरीका कक्षाकोठामा विद्यार्थिहरुलाई प्रत्यक्ष रुपमा देखाउँदै शिक्षण सिकाई क्रियाकलाप गर्ने | घर छिमेकमा भएका वस्तुहरुको तौल लिने प्रविधिहरुको नाम बताऊ | |
| ९) हाम्रो परम्परागत उपचार पद्धति | छिमेकमा भएका वैद्यको पहिचान गर्न । | हाम्रा स्थानीय उपचारहरू | टोल टोलमा स्थानीय वैद्यका रुपमा काम गर्ने को को छन् ? सूची निर्माण गर्न लगाउने । विद्यालय वरिपरि रहेका वैद्यको सूची प्रदर्शन गरी वा उनीहरुलाई कक्षा कोठामा ल्याई प्रत्यक्ष रुपमा प्रस्तुत गर्ने । | तिम्रो गाँउ घरमा भएका बैधको नाम बताऊ ? (परियोजना कार्यका रुपमा दिने) | १२ घण्टा |

## कक्षा २

| इकाई | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतिकरण | शिक्षण सिकाइ क्रियाकलाप (सिकाई प्रक्रिया) | मूल्याङकन | पा.भा. (घण्टी) |
|---|---|---|---|---|---|
| १) पाखीबासको स्थानीय सरकार | पाखीबासका वडाहरुको संख्या बताउन | पाखीबासका वडाहरु (१ देखि १० सम्मका वडाहरुको संख्या खोजी गरी संख्या बताउन र आफ्नो वडाको पहिचान) | वडा बिभाजन सहितको पाखीबासको नक्सा प्रस्तुत गरी वडाहरुको विवरण टिपाउने र आफू बसेको वडा पहिचान गराउने | पाखीबासलाई कति वडामा विभाजन गरिएको छ र तिमी कति नम्बर वडामा बस्छौ ? | १२ घण्टा |
| | आफू बसेको वडाको वडा प्रमुखको नाम र पदको पहिचान गर्न । | वडा प्रमुखको /जनप्रतिनिधीको नाम र पदको सम्मान गर्ने बानीको विकास गर्न | वडा प्रमुखको नाम र पद सहितको चार्ट बनाइ प्रस्तुत गरी छलफल गराउँने | तिम्रो वडा प्रमुखको नाम र पद लेख । | |
| | वडा समितिको गठन प्रक्रिया बताउन । | आफनो वडाको वडा जनप्रतिनिधीहरुको संख्या र गठन प्रकृयाको जानकारी | १) वडा जनप्रतिनिधीहरुको नाम पद सहितको चार्ट<br>२) जनप्रतिनिधीहरुको भोट तथा चुनावको चित्र तथा पोष्टरहरु प्रदर्शन गरि छलफल गराउने र अनुभव बताउन लगाउने | वडामा हुने जनप्रतिनिधीहरुको संख्या बताऊ । | |
| २) पाखीबासको आर्थिक क्रियाकलाप | १) व्यापारको परिचय<br>२) धान खेती गर्दा प्रयोगहुने परम्परागत | १) आफनो गाउँघरबाट बिक्री गरिने समानहरुको जानकारी र किनबेचमा सहभागीता र सहयोग<br>२) धान खेतीका औजारहरू | १) वडा भित्र रहेका पसल होटल हरुको सुची बनाइ कक्षामा प्रदर्शन गरी छलफल गराउने<br>२) परम्परागत कृषि औजरका चित्र देखाउने नाम पत्ता लगाउन छलफल गराउने । सम्भव भए चित्र बनाउन लगाउने | -आफनो गाउँघरमा भएका पसल तथा किनबेच हुने स्थानहरुको नाम भन ।<br>-धान खेतीमा प्रयोग हुने कुनै ३ वटा औजारका नाम बताऊ । | १६ घण्टा |

<table>
<tr><td></td><td>औजारका नाम भन्न र ती औजार चिन्न,</td><td>हलो, जुवा, दाँदे, कोदाली, फेउरी, हल्लुड, जोतारो, ठेडी, अनौ, पाटी आदि</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>आफ्नो वडा भित्रका जातजातिको पेसा व्यवसाय प्रति सम्मान गर्न</td><td>आफनो वडा भित्र बसोबास गर्ने मानिसहरुको पेसा व्यवसायहरुमा सहयोग सम्मान गर्ने बानीको विकास</td><td>आफनो वडा भित्रका मानिसहरुले गर्ने पेसा व्यबसायहरुको सूचि बनाइ छलफल गराइ पेसा प्रतिको समानुभूति र सम्मान गर्नु पर्ने बानीको विकास गराउने गरी स्पष्ट बताईदिने</td><td>आफनो वडा भित्रका मानिसहरुले गर्ने पेसा व्यवसायहरुको सूची बनाइ आफूले गर्न सक्ने सहयोगको सूची समेत बनाऊ ।</td><td></td></tr>
<tr><td></td><td>आफ्नो गाउँघरमा बन्ने र बजारबाट किनेर ल्याइने सामानको वर्गीकरण गर्न ।</td><td>गाउँघरमा बन्ने सामानहरु डोको, डालो, नाम्लो, घुम, हँसिया, खुकुरी, कूर्सी, टेबल र बजारबाट ल्याइने सामान नून तेल कपडा जुत्ता भाँडाकूँडाहरुको वर्गीकरण गर्न</td><td>गाउँघरमा बन्ने र सहर बजारबाट किनेर ल्याइने सामानहरुको वर्गीकरण सहितको फ्लोचार्ट बनाइ छलफल गराई स्पष्ट पारिदिने</td><td>गाउँघरमा बन्ने सामान र सहरबाट खरीद गरिने सामानहरुको सूची बनाऊ ।</td><td></td></tr>
<tr><td>३. पाखीबासका विविधता</td><td>वडा भित्रका जातजातीहरुको पहिचान सूची निर्माण गर्न ।</td><td>वडा भित्र बसोबास गर्ने जातजातिहरुको नाम बताउन</td><td>आफना वडा भित्र बस्ने बिभिन्न जातजातिहरु क्षेत्री, ब्राम्हण, राई, लिम्बू, मगर, तामाङ भुजेल, गुरुङ, शेर्पा, नेवार, सार्की, कामी, दमाई माझी, र अन्य जातजाती भए खोजी गरी चार्ट बनाएर प्रस्तुत गर्ने । टोल टोलका विद्यार्थीहरुलाई आ(आफ्नो टोलका जातजातीको सुची बनाउन लगाएर शिक्षक द्वारा प्रदर्शित चार्टसँग तुलना गर्न लगाउने ।</td><td>आफनो वडा भित्रका सम्पूर्ण जातिहरुको नाम लेख ।</td><td>१५ घण्टा</td></tr>
<tr><td></td><td>वडा भित्रका जातजातिले बोल्ने भाषाहरुको प्रयोग र सम्मान गर्न ।</td><td>वडा भित्रबसोबास गर्ने जातजातीहरुको भाषाप्रतिको सम्मान र प्रयोग गर्ने बानीको विकास गराउने</td><td>वडा भित्रका जातजातीहरुको भाषाहरुको सूची बनाइ छलफल गराउँदै टिप्दै जाने साथै विद्यार्थीहरुलाई समेत टिप्न लगाउने</td><td>तलका जातजातिहरुले बोल्ने भाषाहरुको नाम लेख ।<table><tr><td>जातजातीहरु</td><td>भाषा</td></tr><tr><td></td><td></td></tr><tr><td></td><td></td></tr><tr><td></td><td></td></tr></table></td><td></td></tr>
<tr><td></td><td>वडा भित्रका जातजातीहरुको धर्मको पहिचान र सम्मान गर्न ।</td><td>आफ्नो टोल र वडा भित्र बसोबास गर्ने जातजातिहरुको धर्म संस्कारहरुको पहिचान गरी सम्मान गर्ने बानीको विकास गराउने ।</td><td>वडा भित्रका सम्पूर्ण जातजातिहरुको धर्महरुको नाम लेखी तिनिहरुले समाजमा गर्ने सांस्कृतिक कार्यहरुको सूची बनाई कक्षामा प्रदर्शन, छलफल, प्रश्न उत्तर सहित स्पष्ट पारिदिने ।</td><td>आफ्नो गाउँटोलमा मानिने धर्महरुको नाम लेख ।</td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| ४) पाखीबासका सामाजिक संघ संस्थाहरु र विपद व्यवस्थापन कार्य | विद्यालय रहेको वडाका सामाजिक संघ संस्थाहरुको नामको सूची निर्माण गर्न । | विद्यालय रहेको वडा भित्र पर्ने सामाजिक संघ संस्थाहरू, विद्यालय, अस्पताल हुलाक, सहकारीहरुको नाम बताउन | विद्यालय रहेको वडा भित्रका विद्यालय, अस्पताल, हुलाक सहकारीहरुको नाम सहितको फ्लोचार्ट सहित प्रदर्शन गरी छलफल | आफनो वडा भित्रका विद्यालयल र सहकारीहरुको नाम भन । | १२ घण्टा |
| | विपद्को परिचय दिन । | विपद्को परिचय दिई विपद्बाट बच्ने तरिका | विपद् सम्बन्धी चित्र, चार्ट तयार गरी कक्षामा प्रस्तुत गरी छलफल प्रस्नोत्तर गराउने र विपद् सम्बन्धी बालबालिकाबाट आएका उत्तरहरु टिप्दै जाने र स्पष्ट पारिदिने । | विपदबाट बच्न के के गर्छौ ? कुनै दुईवटा लेख, तिम्रो गाउँघरमा विपद् पारेका व्यक्तिहरुलाई तिमीले गर्न सक्ने सहयोग के के हुन सक्छन ? | |
| | विद्यालय रहेको वडा भित्रका सामाजिक संघ संस्थाहरुको कामको सूची बनाई त्यसमा सहभागी हुन । | वडा भित्रका सामाजिक संघ संस्थाहरु विद्यालय, अस्पताल सहकारी सामुदायिक वनले गर्ने कार्यहरु बताउन | वडा भित्रका विद्यालय सहकारी संस्था अस्पताल सामुदायिक संस्थाहरुले गर्ने कार्यहरुको सूची निर्माण गरी छलफल गराउने | तलका संस्थाहरुले गर्ने १/१ वटा काम लेख<br>१) विद्यालय २) अस्पताल<br>३) सहकारी संस्था ४) सामुदायिक वन | |
| ५) पाखीबासका सम्पदा | सम्पदाहरुको परिचय दिन । | आफनो गाउँटोलमा भएका सम्पदाहरुको पहिचान र सम्मान गर्ने बानीको विकास | आफनो टोलमा रहेका सम्पदाहरु झर्ना, नदी, ताल, पोखरी, नागी, वन खानीहरुको खोजी गरी चार्टमा प्रस्तुत गर्दै छलफल गराउने | आफ्नो टोलमा रहेका सम्पदाहरुको सूची बनाउ । | १२ घण्टा |
| | साँस्कृतिक र प्राकृतिक सम्पदा वर्गीकरण गर्न । | आफनो टोल वा वडामा रहेका प्राकृतिक, धार्मिक र साँस्कृतिक सम्पदाहरु खोजी गर्न र सम्मान सहयोग गर्ने बानीको विकास | प्राकृतिक- नदी, ताल, वन, डाँडा, झरना, नागी, खानी,<br>साँस्कृतिक- पार्क, चाडपर्व, पूजा, देवाली, धार्मिक स्थलहरुको चार्ट बनाइ प्रदर्शन गराइ छलफल गराउने | साँस्कृतिक र प्राकृतिक सम्पदाहरुको फरक बताऊ । | |
| | सम्पदा संरक्षणमा सहभागी हुन । | सम्पदाहरुको संरक्षणमा सहभागी | आफनो गाउँटोलमा रहेका सम्पदाहरुको सरसफाई तथा संरक्षणमा सहभागी र सहयोग गर्ने बानीको विकास गर्ने गरी परियोजना कार्य गराउने । | सम्पदाहरुको संरक्षणमा गर्न सक्ने सहयोगको कुनै २ वटा कामहरु लेख । | |
| ६) पाखीबासको इतिहास | आफना गाउँटोलको नाम बताउन । | आफनो गाउँटोलको नाम रहनुको कारण खोजी | विद्यालय रहेको गाउँटोलको नाम रहनुको कारण खोजी गरी चार्ट बनाइ कक्षामा प्रदर्शन गरी छलफल गराउने | आफनो गाउँटोलको नाम केको आधारमा रह्यो लेख । | १२ घण्टा |
| | पाखीबासको नामाकरणको कारण बताउन । | पाखीबासको नामकरण बारे ऐहिासिक प्रमाणहरुको खोजी | पाखीबासको नामाकरण बारे छलफल गराइ उत्तरहरु टिप्दै जाने र चार्ट बनाएर छलफल गराउने | पाखीबासको नाम कसरी रहन गयो लेख । | |
| | आफनो | आफ्नो वडा भित्रका | सम्बन्धित वडाका ऐतिहासिक व्यक्तिहरुको | ऐतिहासिक व्यक्तित्वहरुको नाम र | |

| | | | | | |
|---|---|---|---|---|---|
| | गाउँटोलका ऐतिहासिक व्यक्तिहरुको खोजी गर्न । | ऐतिहासिक व्यक्तिहरुको खोजी र सम्मान गर्ने बानीको विकास | सूची बनाइ छलफल गराउने र उनीहरुबाट प्राप्त हुनु पर्ने प्रेरणाहरुको पहिचान गराउने र असल व्यक्तिहरुले गरेका राम्रा कार्यहरुको सूची बनाउन लगाउने | उनीहरुको समाजमा योगदानहरुको सूची बनाऊ । | |
| ७) पाखीबासका असल व्यक्तित्वहरु | - वडा भित्र रहेका असल व्यक्तिहरु र उनीहरुको योगदानको अनुशरण र सम्मान गर्न । | राम्रा बानीहरुः नम्र र मृदुभाषी, साधारण पहिरन, मेहनती/ लगनशील समाजसेवीहरुबाट अनुकरण गर्ने बानीको विकास । | - सकेसम्म ती असल व्यक्तिलाई नै कक्षामा उपस्थित गराइ उनको आचरण, व्यवहार अवलोकन गर्न लगाउने ।<br>- सम्भव नभएमा फोटो देखाइ उनको बारेमा शिक्षक स्वयम्ले बताउने, विद्यार्थीहरुसँगसँगै भन्ने र विद्यार्थीहरुलाई मात्र भन्न लगाउने । साथै असल व्यक्तिहरु र उनिहरुको राम्रा कार्यहरुको सूची देखाउने | - तिम्रो वडाभित्र भएका कुनै एक जना समाजसेवीको २ वटा असल बानीको नाम लेख । | १७ घण्टा |
| | -असल व्यक्तिले गरको सामाजिक सेवाहरुका सूची निर्माण गर्न । | सामाजिक सेवाः राजनीति, शिक्षा, स्वास्थ्य, अन्य समाज विकासका लागि पुऱ्याएको योगदान । | - ती असल व्यक्तित्वले समाजमा सेवा दिने सामाजिक सेवाहरुको सूची बनाइ शिक्षकले कक्षामा प्रर्दशन गर्ने वा समाजसेवी (असल व्यक्तित्व) लाई नै भन्न लगाई, शिक्षक विद्यार्थी दुवैले सँगसँगै भनी सकेपछि विद्यार्थीहरुलाई मात्र भन्न लगाई कापीमा टिप्न लगाउने । | क) असल व्यक्तित्वहरुले समाजमा गरेका कुनै दुई ओटा उल्लेखनीय योगदानको सूची बनाउ/ बताऊ | |
| ८) पाखीबासका स्थानीय प्रविधि | गाउँ टोलमा भएका/प्रयोगमा आएका स्थानीय प्रविधिहरुका परिचय दिन । | स्थानीय प्रविधि, ढिकी, जाँतो, हलो, कोदालो, खन्ती आदि ।<br>नापको प्रयोग र तुलना हात, बित्ता, माना, पाथी, मुरी<br>तौल : तुलो, धार्नी<br>तराजु :काँटा :तोला | विद्यालय वरपर भएका, बस्तीमा भएका स्थानीय प्रविधिहरुको अवलोकन गर्न लगाउने, नाम भनी अभ्यास गर्न लगाउने, शिक्षकले कक्षाकोठामा प्रवेश गरेपछि ती प्रविधिहरुको कार्यको सूची निर्माण गर्ने र गर्न लगाउने । | - तिम्रो घर वा छिमेकमा भएका कुनै ४ वटा स्थानीय प्रविधिहरुको नाम लेख ।<br>- ती स्थानीय प्रविधिहरुले गर्ने कार्यहरुको नामका साथ सूची निर्माण गर/लेख ।<br>........को प्रयोगको अवलोकन । | १४ घण्टा |
| | स्थानीय परम्परागत नापका प्रविधिहरुको परिचय दिन | हात भन्दा बित्ता सानो, बित्ता भन्दा अमल सानो, माना भन्दा पाथी ठूलो (८ माना-१ पाथी) पाथी भन्दा मुरी ठूलो (२० पाथी = १ मुरी)<br>- मानिस अनुसार हात बित्ता र अमल फरक/फरक हुने । | - सजिलै भाँचिने सिन्काहरु लिने र शिक्षकले हात, बित्ता र अमल नापेर देखाउने र विद्यार्थीहरुसँगै कार्य दोहोऱ्याउने /अन्त्यमा विद्यार्थीहरुलाई मात्र गर्न लगाउने/सबैको हात, बित्ता र अमलको एकअर्कामा तुलना गर्न लगाउने ।<br>-सबैको हात, बित्ता र अमल, साना ठूला/ छोटो लामो हुने हुँदा नाप फरक फरक हुन्छ भनी देखाउँदै बताउने ।<br>-कक्षाकोठामा मानापाथीको परिचय गराइ | क) हातले कक्षा कोठा नाप्न लगाउने, टिपोट गर्न लगाउने<br>ख) वित्ता, अमलले रजिष्टर, टेबल आदिको नाप लिन लगाउने ।<br>ग) एक पाथीमा कति माना हुन्छ ?<br>घ) एक मुरीमा कति पाथी हुन्छ ? | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | वरपर भएका बालुवा वा अन्य सजिलै उपलब्ध हुने वस्तु भरि/भर्न लगाउने/ भर्ने तरिका ठीक भए नभएको शिक्षकले अवलोकन गर्ने र सही तरिका सिकाउने । | | |
| | घरमा वा छिमेकमा भएका तौल लिने स्थानीय प्रविधिहरुको परिचय दिन | नाप्ने प्रविधिः तुलोः धार्नी, सुन जोख्ने तराजु :काँटाः तोला | -शिक्षकले तुलो प्रर्दशन गर्दै डण्डीमा १ धार्नीको नाप भएको रेखा देखाइ, डोरी वा धागोले बाधी माथि उठाउने र डण्डी सिधा हुने गरी ठोस वस्तु तुलोको माझमा हाल्ने/ डण्डी सिधा भएमा, १ धार्नी भयो भनी देखाउने र विद्यार्थी स्वयम्लाई पनि प्रयोग गर्न लगाउने ।<br>- छिमेकमा सुनारको घरमा गई सुन जोख्ने तराजु :काँटा देखाइ एक पट्टी एक तोला बरावरको ढक राखी अर्को पट्टी सो बराबरको वस्तु राखी उचाल्ने<br>-डण्डी सिधा भएमा १ तोला भयो भनी देखाउने र विद्यार्थीहरुलाई पनि प्रयोग गर्न लगाउने ।<br>माथिको क्रियाकलाप सम्भव नभएमा चित्र वा दृश्य सामग्रीको प्रयोग गरी प्रष्ट्याउने । | धार्नी के मा जोखिन्छ ?<br>तोला एकाई केमा जोखिन्छ ? | |
| ९) पाखीबासका परम्परागत उपचार पद्धति | वैद्यको परिचय र वैद्यले प्रयोग गर्ने जडीबुटीको पहिचान गर्न । | वैद्यः घोरतापरे, कुरिलो ,गुर्जो, कुरिलो भूमिझार आदि , | वैद्यले रोग लागेमा कुरिलो, घोरताप्रे आदि जस्ता जडिबुटी खुवाउने गर्छन भनी बताउँदै कुरिलो, घोरताप्रे, आदि जडिबुटीहरु कक्षामा वा बाह्य वातावरणमा गई अवलोकन गर्न लगाउने । | वैद्यले विरामीको उपचारमा प्रयोग गर्ने जडीबुटीहरुको सूची बनाऊ । | १२ घण्टा |

## कक्षा ३

| इकाई | सि.उ./विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतिकरण | शिक्षण सिकाइ क्रियाकलाप (सिकाई प्रक्रिया) | मूल्याङ्कन | पा.भा. (घण्टी) |
|---|---|---|---|---|---|
| (१) हाम्रो स्थानीय सरकार | पाखीबास नगरपाकिाका वडाहरुको संख्या बताउन । | पाखीबास भित्रका वडाहरुको सूची | पाखबिास नगरपालिकाभित्रका वडाहरुको सूची वडा नं १ देखि १० सम्म | पाखीबास नगरपालिका वडाहरुको संख्या लेख । | १२ घण्टा |
| | वडा प्रमुखको नाम र पद बताउन । | वडा प्रमुखको परिचय र वडा प्रमुखको पद सम्मान गर्ने बानीको विकास | आ आफ्ना वडाको जनप्रतिनिधी प्रमुखको नाम पद सहितको विवरण प्रस्तुत गरी छलफल गराउने टिप्न लगाउने वडाध्यक्ष हो भनी बताउने । | वडा प्रमुखको बारेमा बताऊ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | वडा प्रमुखले गर्ने मुख्य कार्यहरुका सूची बनाउन । | वडाध्यक्षले गर्ने मुख्य मूख्य कार्यहरुको पहिचान | वडा प्रमुखले गर्ने मुख्य मूख्य कार्यहरुको बिबरण तयार गरी प्रदर्शन छलफल सहित कार्यहरुको विवरण स्पष्ट पारिदिने । | वडाध्यक्षको कार्यहरुको सूची बनाऊ ।<br>तिमी वडाध्यक्ष भएमा समाजलाई के सहयोग गर्न सक्छौ ? | |
| | वडा समितिका सदस्यको संख्या बताउन । | वडाध्यक्ष सहित वडा समितिका सदस्यहरुको खोजी गरी सम्मान गर्ने बानीको विकास | वडाध्यक्षको काम कर्तब्य र वडा समितिका सदस्यहरुको संख्या र काम बारे चार्ट तयार गरी छलफल गर्ने | वडा समितिका कार्यहरुको सूची तयार गर । | |
| | आफनो वडाको जनप्रतिनिधिहरुको संख्या बताउन | आफनो वडाको प्रमुख जनप्रतिनिधीको नाम पद र अन्य ४ जनाको पद र नाम बताउन | विद्यालय रहेको वडाको वडा समितिको फ्लो चार्ट तयार गरी छलफल गराइ क्रमशः नाम टिप्दै जाने | वडा समितिको संख्या र नाम भन । | |
| (२) पाखीबासको आर्थिक कियाकलाप | आफनो वडा भित्र रहेका मानिसहरुले गर्ने व्यापार व्यवसायको सूची बनाउन । | आफना वडा भित्रका मानिसहरुको व्यापार व्यवसायको खोजी गर्ने बानीको बिकास | विद्यालय रहेको वडाका पसल होटल कृषि व्यवसायहरुको विवरण तयार गरी प्रदर्शन गराइ व्यापार व्यवसायको धारणा प्रष्ट पारी दिने । | आफनो वडा भित्र कस्ता कस्ता व्यापार व्यवसाय गर्ने मानिसहरु बसोबास गर्छन नाम लेख । | १२ घण्टा |
| | २) धान खेती गर्दा प्रयोग हुने परम्परागत औजारका नाम भन्न र ती औजार चिन्न, | २) धान खेतीका औजारहरू हलो, जुवा, दाँदे, कोदाली, फेउरी, हल्लुड, जोतारो, ठेडी, अनौ, पाटी | २) परम्परागत कृषि औजरका चित्र देखाउने नाम पत्ता लगाउन छलफल गराउने । सम्भव भए चित्र बनाउन लगाउन | धान खेतीमा प्रयोग हुने कुनै ३ वटा औजारका नाम बताऊ | |
| | घरेलु उद्योगको सामान्य परिचय दिन । | घरेलु उद्योगहरुको पहिचान गरी सँरक्षणमा सहभागीता | घरायसी प्रयोजनका लागि गाउँघरमा बनाइने सामामग्रीहरु:<br>खुकुरी, हँसिया, डोको, हलो, मुडा, घुम, टपरी, काठको ओखल, जाँतो, काठको ठेकी, ढाकाटोपीहरुको सूची प्रदर्शन गरी घरेलु उद्योगको परिचय सहित प्रष्ट पारी दिने | घरेलु उद्योग भनेको के हो र यसबाट बन्ने घरायसी सामग्रीहरुको सूचि बनाउ । | |
| | कृषि व्यवसायको खोजी र सम्मान । | आफ्नो वडा भित्रका कृषकहरुले गर्ने कृषि व्यवसायहरुको पहिचान | वडा भित्रका कृषि व्यवसाय अन्तर्गत पशु पालन, फलफुल खेती, अन्नबाली र तरकारी खेतीहरुको सूची तयार गरी, विभिन्न चित्रहरु, पोष्टरहरु संकलन गरेर कक्षामा प्रदर्शन गरी स्पष्ट पारी दिने। | कृषि व्यवसाय अन्तर्गतका पेशाहरुको नाम लेख । | |
| ३) पाखीबासका विविधता | आफ्नो वडा भित्र बसोबास गर्ने जातजातिहरु पहिचान गर्न । | आफ्नो वडामा बसोबास गर्ने जातिहरुको पहिचान र सम्मान गर्ने बानीको विकास । | पाखीबास नगरपालिका भित्र बसोबास गर्ने सम्पूर्ण जातजातिहरुको फ्लो चार्ट बनाइ प्रदर्शन छलफल गराउँने र टिप्न लगाउने १) क्षेत्री २) ब्राम्हण ३) मगर ४) गुरुङ ५) नेवार ६) राई ७) तामाङ ८) | पाखीबास नगरपालिका भित्र बसोबास गर्ने मूख्य जातिहरुको नाम लेख । | १४ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | दमाइ ९) कामी १०) माझी ११) लिम्बू १२) गिरी पुरी १३) जोगी १३) सार्की १४) शेर्पा आदि, छलफल प्रश्नोत्तर गरी स्पष्ट पारिदिने । | | |
| | जातजातिहरुले बोल्ने भाषाहरुको संरक्षणमा सहयोग र सहभागिता जनाउन । | जातजातीहरुका भाषाहरुको व्यावहारिक प्रयोग सम्मान र संरक्षणमा सहयोग गर्ने बानीको बिकास | जातजातिहरुको भाषाका लिपीहरुको खोजी गरी राई, तामाङ आदि भाषाहरुको वर्ण चार्ट प्रदर्शन गरी भाषाहरुको वर्णहरु प्रष्ट बनाउने यसरी सबैको भाषा सबैले सिकेमा समाजमा एकता बनाउन सहयोग मिल्ने कुरा प्रष्ट पारि दिने | जातजातिहरुको भाषाहरुको सीपबाट समाजलाई हुने फाइदाहरु लेख । | |
| | आफ्नो वडा भित्रका विभिन्न जातजातिको धर्म, संस्कारहरुको पहिचान गर्न । | आफ्नो वडा भित्रका विभिन्न धर्म संस्कारहरुको पहिचान गरी सम्मान गर्ने र प्रयोग गर्ने बानीको विकास । | वडा भित्रका सम्पुर्ण जातिहरुको धर्म संस्कार चालचलन रितिस्थिती झल्कने पोष्टर चित्रहरु प्रदर्शन गर्ने । धर्म संस्कारका कार्यहरुको सूची बनाई प्रदर्शन गर्ने छलफल गराउने र स्पष्ट पारिदिने । | आफ्नो वडा भित्रका धर्म संस्कारहरुको सूची बनाऊ । | |
| ४) पाखीबासका सामाजिक संघ संस्थाहरु र विपद व्यवस्थापन कार्य | आफ्नो वडा भित्र रहेका सामाजिक संघ संस्थाहरुको पहिचान गर्न । | आफना वडा भित्र रहेका सामाजिक संघ संस्थाहरुको नाम बिद्यालय अस्पताल सहकारी सामुदायिक वन खोप केन्द्र युवा क्लब वडा कार्यालय | विद्यालय रहेको वडा भित्रका सामाजिक संघ संस्थाहरुको विवरण चार्ट प्रदर्शन गरी छलफल गराइ टिप्न लगाउने | आफ्ना वडा भित्रका सामाजिक संघ संस्थाहरुको नाम लेख । | १४ घण्टा |
| | सामाजिक संघ संस्थाहरुले गर्ने कार्यहरुमा सहभागी हुन । | वडा भित्रका सामाजिक संघसंस्थाहरुका कार्य र संघसंस्थाहरु प्रति सहयोग | सामाजिक संघसंस्थाहरुका कार्यहरुको सूची निर्माण गरी प्रदर्शन गर्ने र संघ संस्थाहरु प्रति गरिने सकारात्मक व्यवहारको सूची सहितको तालिका प्रदर्शन गरी छलफल गराइ असल बानी व्यवहारका नमूनाहरुका वर्णन गरी टिप्न लगाउने | १) समाजिक संघसंस्थाहरुले समाजमा पुऱ्याउने सहयोग र सेवाहरुको सूची बनाऊ ।<br>२) सामाजिक संघ संस्थाहरु प्रति गरिने असल व्यवहारहरुको सूची बनाऊ । | |
| | सामजिक संघसंस्थाहरुबाट प्राप्त हुने सेवाहरुको सूची बनाउन | सामाजिक संघ संस्थाहरु निम्न संघ संस्थाहरुबाट हुने सेवाहरु<br>१) विद्यालय<br>२) सहकारी<br>३) अस्पताल<br>४) सामूदायिक वन<br>५) खोप केन्द्र | वडा भित्रका निम्न संघसंस्थाहरुको नाम र सेवाहरुको सूचि निर्माण<br>संस्थाहरु सेवाहरुः<br>१) विद्यालय<br>२) सहकारी<br>३) अस्पताल<br>४) सामुदायिक वन<br>५) खोप केन्द्र | सामाजिक संघ संस्थाहरुको नाम लेखी ती संस्थाहरुबाट प्राप्त हुने सेवाहरुको १/१ वटा सूची बनाऊ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ६) युवा क्लब<br>७) वडा कार्यालय | ६) युवा क्लब<br>७) वडा कार्यालय | | |
| | विपद्को परिचय दिन | विपद्हरुको पहिचान गरी विपद्बाट बच्ने उपायहरु | विपद् झल्किने पोष्टर, चित्र, चार्ट, भिडियोहरु प्रदर्शन गरी विपद्को परिचय गराउने यसबाट बच्ने उपाय र सहयोग गर्ने तरिका सिकाउने । | विपद्को परिचय देऊ, र प्रकारहरुको सूची बनाऊ । | |
| ५) पाखीबासको सम्पदा | सम्पदाको परिचय खोजी र संरक्षण गर्न | वडा भित्रका सम्पदाहरुको खोजी र संरक्षमा सहयोग | वडा भित्रका सम्पदाहरु ताल वन झर्ना नाघी खानी नदी चौताराहरुको खोजी गरी वडागत विवरण तयार गरी छलफल सहित टिपोट गराउने | सम्पदाहरुको सूचि बनाऊ । | १२ घण्टा |
| | साँस्कृतिक र प्राकृतिक सम्पदाहरुको पहिचान र महत्वको सूची बनाउन | साँस्कृतिक र प्राकृतिक सम्पदाहरुबाट समाज समुदायलाई प्राप्त हुने सहयोगलाई सदुपयोग गर्ने बानीको विकास | १) साँस्कृतिक सम्पदाहरु पाटीपौवा धारा मन्दिर तथा धार्मिक स्थलहरु पार्क साँस्कृतिक पर्वहरु पाकृतिक सम्पदाहरु नदी झर्ना ताल चौतारा खानीहरु समेतको चार्ट बनाइ कक्षामा प्रदर्शन गरी छलफल गराइ साँस्कृकि र प्राकृतिक सम्पदा बारे स्पष्ट पारी दिने<br>२) सम्पदाहरुबाट प्राप्त हुने उपलब्धिहरुको सूची तयार गरी प्रदर्शन छलफल गराइ प्रस्ट पारिदिने | प्राकृतिक र साँस्कृतिक सम्पदाहरुको नाम लेख ।<br><br>सम्पदाहरुबाट हुने फाइदाहरु लेख । | |
| ६) पाखीबासको इतिहास | पाखीबासको नामाकरण सहितको सामान्य परिचय दिन | पाखीबासको नामाकरणको इतिहासको खोजी गर्ने बानीको विकास | पाखीबासको नामाकरणबारे ऐतिहासिक प्रमाणहरुको खोजी गरी किंबदन्तीहरुको सूची तयार गरी प्रदर्शन गराइ स्पष्ट पार्रीदिने | पाखीबासको नाम रहनुको कारण खोजेर ल्याऊ । | १३ घण्टा |
| | आफनो समुदायमा रहेका ऐतिहासिक व्यक्तित्वहरुको खोजी र सम्मान | आफनो समुदायमा रहेका व्यक्तिहरुको<br>१) परचिय<br>२) योगदान<br>ऐतिहासिक वस्तुहरुको खोजी गरी सूची निर्माण | १) ऐतिहासिक व्यक्तिहरुको खोजी गरी तिनीहरुको योगदानका बारेमा छलफल गराउने<br>२) वडा भित्रका विद्यालय मन्दिर पाटी कसले बनाएका हुन सोधखोज गर्ने<br>३) विद्यार्थीहरुलाइ आफनो वडाका ऐतिहासिक वस्तुहरु खोज्न लगाइ सूची बनाउन लगाउने | ऐतिहासिक व्यक्तिहरुको नाम र काम लेख ।<br>तिम्रो गाउँमा कुनै एक ऐतिहासिक व्यक्तिको असल काम र योगदानको वर्णन गर । | |
| | पाखीबास नगरपालिका निर्माण हुँदा समायोजन गरिएका गा. वि. स. हरुको नाम बताउन । | पाखीबास नगरपालिका निर्माणमा समायोजन गरिएका गाउँहरु<br>१) पाखीबास<br>२) सान्ने<br>३) घोर्लिखर्क<br>४) फलाँटे<br>५) मुगा<br>६) चुङमाङ | १) पाखीबास नगरपालिका बन्नु अगाडीको अवस्था बारे छलफल गराउने<br>२) पाखीबास नगरपालिका निर्माणमा समायोजन भएका गाउँहरुलाई गा.वि.स. भनिन्थ्यो भन्ने बारे छलफल गराइ स्पष्ट पारिदिने | पाखीबास नगरपालिकामा समायोजन गरिएका गाउँहरुको सूची बनाऊ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७) पाखीबासका असल व्यक्तित्वहरु | आफ्नो वडाभित्र रहेका असल व्यक्तित्वहरुको आचरण, व्यवहारको तुलना गर्ने र असल आचरणको पहिचान गर्न र सूचि निर्माण गर्न । | असल आचरणहरु : सहयोगी, मृदुभाषी, लगनशील, मेहनती, सहनशील, कर्मशील, उच्चतम शैक्षिक योग्यता | - वडाभित्र रहेका असल व्यक्तित्वहरुको असल आचरणका बारेमा क्रमबद्ध रुपमा सूची तयार पारी शिक्षकले कक्षामा प्रदर्शन गरी पढेर सुनाउने ।<br>- असल आचरण पहिचान गरी उनको आचरणहरु बताउने/ बताउन लगाउने र कापीमा सूची बनाउन लगाउने । | - तिम्रो वडामा असल आचरण भएका व्यक्तिवहरुको को को छन ?<br>उनीहरुको असल आचरणहरु के के हुन ? | १२ घण्टा |
| | आफ्नो वडाभित्र भएका असल व्यक्तित्वहरुले गरेका सामाजिक कार्यहरुको सूची तयार गर्न र तुलना गर्न | सामाजिक कार्यका क्षेत्रहरु : शैक्षिक, राजनीति, अन्य समाज सेवाका कार्यहरु (साहित्य, गीत, संगीत, कला) | - शिक्षकले सो वडाभित्र रहेका असल व्यक्तित्वहरुले गरेका सामाजिक कार्यहरु व्यक्ति/व्यक्तिको सूची तयार गरी कक्षामा प्रस्तुत गर्ने । | - तिम्रो वडा भित्र भएका असल व्यक्तिवहरुले गरेका सामाजिक कार्यहरुको सूचि बनाऊ ।<br>- सामाजिक कार्यहरुको तुलना गर । | |
| ८) पाखीबासको स्थानीय प्रविधि | बित्ता, अमल प्रयोग गरी साना साना वस्तुहरुको नाप पत्ता लगाउन । | नापको प्रयोगः बित्ताः बुढी औंला र माझी औंला तन्काउदा हुन आउने लम्बाइ<br>- अमल : एउटा अम्लीको चौडाइले ओगटेको नाप एक अमल ।<br>- चोर औंला र बुढी औंला बिचको लम्बाइ एक कुरेत । | - शिक्षक आफूले बित्ता, कुरेत र अमलको बारेमा कक्षामा आफ्नो हातका औंला प्रयोग गरी नापो लिने ( रुलर, किताब, टेबल आदि)<br>- विद्यार्थीहरुलाई पनि साथसाथै सिकाउने र विद्यार्थीहरुलाई मात्र नाप्न लगाउने । | - तिम्रो कोठामा भएको टेबलको नाप कति बित्ता रहेछ ?<br>- तिम्रो सिसाकलमको नाप कति अमल रहेछ ? | १५ घण्टा |
| | हातको प्रयोग गरी कक्षाकोठा, घर, गोठ आदिको नाप लिन । | - हातः कुहिनादेखि माझी औंलाको टुप्पीसम्मको लम्बाइ बराबर एक हात<br>- १ लम्बाइको लठ्ठी, सिक्का आदि । | - शिक्षक आफूले आफ्नो हातबाट एक हातको सिन्का वा लठ्ठी लिने र कक्षाकोठाको नाप लिने / विद्यार्थीहरुले साथसाथै नाप्ने ।<br>- प्रत्येक विद्यार्थीहरुको हात बराबरको सिन्का भाँची उक्त कोठाको नाप लिन लगाउने / शिक्षकले सहयोगी भूमिका निर्वाह गर्ने ।<br>- सबैको हात एकै नहुने भएकोले कोठाको नाप पनि घटी बढी भएको हो भनेर स्पष्ट पार्ने । | - तिम्रो कक्षाकोठाको नाप कति हात छ ?<br>- सबैको घर र गोठको नाप कति हात रहेछ ? प्रत्येकले नाप र कापीमा लेखी देखाऊ । | |
| | तुलोको प्रयोग गरी धार्नी, बिसौली, आठपोल र बोडीको तौल लिन ।<br>- यी मध्ये सबैभन्दा ठूलो एकाइ धार्नी र | - तुलोको प्रयोग : सबैभन्दा ठूलो एकाइ धार्नी, धार्नीको आधा बिसौली, बिसौलीको आधा आठपोल, आठपोलको आधा बोडि | - शिक्षकले कक्षामा : तुलोको व्यवस्थ ागर्ने र जोख्नका लागि ठोस वस्तु (ढुङ्गा, माटो, नुन, चिनी आदिको पनि व्यवस्था गरी विद्यार्थी सामु एक धार्नी जोख्ने र त्यसको ठीक आधा बिसौली छुट्याउने दुवै भाग बराबरी हुने गरी तौलने । त्यसपछि | -तुलोको प्रयोग गरी धार्नी, बिसौली, आठपोल र बोडी तौल नाप ( विद्यार्थीहरुलाई फरक, फरक नाप तौलन लगाउने ) | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सबैभन्दा सानो एकाइ बोडि हो भनी पहिचान गर्न, तुलना गर्न । | | बिसौलीलाई पनि ठीक आधा/ आधा दुई भागमा विभाजन गरी बिसौलीको आधा आठपोल हो भनी बताउँदै देखाउने । त्यसै गरी आठपोललाई पनि बराबर दुई भागमा तौलेर विभाजन गरी देखाउदै बोडीको तौल प्रर्दशन गर्ने । सोही कार्य विद्यार्थीहरु सँगसँगै गर्ने र अन्त्यमा विद्यार्थीहरुलाई गर्न लगाउने । | - घर वा छिमेकमा भएको तुलो प्रयोग गरी ठोस वस्तु जोखेर ल्याऊ ( ठूलोसानो, ठूलो नापको हुन सक्छ, शिक्षकले तुलना गरी कक्षामा प्रर्दशन गर्न ) | |
| ९) हाम्रो परम्परागत उपचार पद्धति | कुनै एक परम्परागत घरेलु उपचार पद्धतिको प्रयोग गर्न । | - सियोले खोपेर गरिने उपचार<br>- झारपातबाट गरिने उपचार<br>- किटपतङ्गबाट गरिने उपचार | खुट्टाले फोहोर कुल्चँदा खुट्टा चिलाएमा सियो/ काँडाले खोपेर रगत फ्याँक्दा आराम हुन्छ भनी बताउने, छलफल गर्ने ।<br>-विभिन्न झारपात किटपतङ्गबाट गरिने उपचारका बारेमा बताउँदै कक्षामा छलफल, प्रश्नोत्तर र उपचार गर्ने विधिहरुको सूची, चित्रहरु र दृश्य प्रस्तुत गर्ने | कुनै एक परम्परगत उपचार पद्धतिको नाम लेख । | १२ घण्टा |
| १०) पाखीबासको भूगोल | वडाको भौगलिक बनोट र हावापानीको परिचय दिन | वडा भित्रको हावापानी भौगिलक अवस्थाहरु<br>( हावापानीः गर्मी, ठन्डा )<br>(उच्च पहाड, खोच, बेसी, लेक ) | पाखीबास नगरपालिकाको भौगलिक अवस्था ) लेक, बेसी, आदिको अवस्था झल्कने चित्र पोष्टर हावापानीले जनजीवनमा पार्ने प्रभाव झल्कने पोष्टरहरु पर्दशन गरि स्पष्ट पारिदिने | पाखीबासको आफ्नो वडाको भूबनावट बारे बताउन<br><br>हावापानीले मानिसहरुलाई कुन कुन कुरामा प्रभाव पार्छ । | १२ घण्टा |

## कक्षा ४

| इकाई | सि.उ. / विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतिकरण | शिक्षण सिकाइ क्रियाकलाप ( सिकाइ प्रक्रिया) | मूल्याङ्कन | पा.भा. (घण्टी) |
|---|---|---|---|---|---|
| (१) हाम्रो स्थानीय सरकार | पाखीबासका वडाहरुको संख्या र वडा कार्यालय रहेको स्थानहरुको पहिचान | पाखीबासका वडाहरुको संख्या र स्थानहरुको पहिचान<br>वडा नं १ तल्लो सान्ने<br>वडा २ माथिल्लो सान्ने<br>वडा ३ कोशेपान  फाराम<br>वडा ४ शनिबारे हटिया बजार<br>वडा ५ डिकुरे घोर्लिखर्क<br>वडा ६ सान्धारा फलाँटे<br>वडा ७ थाक्ले मुगा | वडाहरुको सूची र वडाहरु रहेको स्थानहरुको तालिका सहित प्रदर्शन गराइ छलफल गराइ स्पष्ट पारिदिने | पाखीबास नगरपालिकाका वडा कार्यालयहरुको संख्या र अवस्थिति बताऊ । | १२ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | वडा ८ गैरीगाउँ मुगा<br>वडा ९ चुङमाङ चप्लेटी<br>वडा १० चुङमाङ मन्सी चौतारा | | | |
| | वडा कार्यालयबाट प्राप्तहुने सेवा सुबिधाहरुको सूची तयार गर्न । | वडा कार्यालयबाट प्राप्त हुने सेवा सुविधाहरु -जन्म, मृत्यु, बसाइँ सराइ, विवाह, सम्बन्ध विच्छेद) दर्ता जस्ता पञ्जिकरणको काम, स्थानीय जग्गाको साँध सिमाना, सामाजिक सुरक्षाका कार्यहरु, विकास निर्माणका कार्यहरुको सञ्चालन र अनुगमन आदि । | वडा कार्यालयहरुबाट प्राप्तहुने सेवा सुविधाहरुको सूची बनाइ प्रदर्शन गरी छलफल सहित बुँदाहरु टिपोट गराउने । | वडा कार्यालयहरुबाट प्राप्त हुने सेवा सुविधाहरुको सूची बनाऊ । | |
| | नगर कार्यापालिकाको प्रमुखको परिचय दिन । | नगर कार्यपालिकाको प्रमुखको नाम र निर्वाचन प्रणालीमा सहभागिता जनाउने बानीको विकास | नगर प्रमुखको निर्वाचन प्रणाली सम्बन्धी पोस्टर, विभिन्न पार्टीका घोषणा पत्रहरुको नमुना प्रदर्शन गरी छलफल सहित स्पष्ट बनाउने | नगर प्रमुखको परिचय दिई निर्वाचन प्रणालीबारे बताऊ । | |
| | नगर पालिकामा प्रत्यक्ष निर्वाचित जनप्रतिनिधिहरुको संख्या बताउन । | नगर पालिकामा प्रत्येक वडाबाट वडाध्यक्ष सहित निर्वाचित हुने जनप्रतिनिधिहरुको संख्याहरुको खोजी र संख्याहरुको पहिचान | नगर पालिकामा प्रत्येक वडाबाट–१ जना वडाध्यक्ष, सहित महिला सदस्य–१, दलित महिला–१, खुला सदस्य -२ गरी जम्मा ५जना ( १० वटा वडाबाट ५० जना र नगर प्रमुख र उपप्रमुख सहित जम्मा ५२ जनाको फ्लो चार्ट बनाइ छलफल गराइ संख्या स्पष्ट पारिदिने | नगर पालिकामा निर्वाचित जनप्रतिनिधिहरुको संख्या बताऊ । | |
| (२) पाखीबासको आर्थिक कियाकलाप | दैनिक जीवनमा आवश्यक पर्ने सामग्रीहरुको पहिचान र पाइने स्थानहरुको सूची निर्माण गर्न । | दैनिक जीवनमा आवश्यक पर्ने बजारबाट ल्याइने र गाउँघरबाट बजारमा लगेर बिकी गरिने सामग्रीहरको वर्गीकरण तथा सामान खरिद र बिकी कार्यमा सहभागी हुने बानीको विकास | गाउँघरबाट बजारमा बेच्न लाने र सहरबाट किनेर ल्याइने सामानको वर्गीकरण गरी सामान किनबेचमा सहभागी हुने बानीको विकास गराउन व्यापारी र ग्राहकको अभिनय गर्न लगाइ व्यापारको परिभाषा स्पस्ट पारी दिने । | १) व्यापारको परिचय देउ<br>२) ग्राहक र व्यापारीको अभिनय गरेर देखाऊ (भूमिका अभिनय) | १२ घण्टा |
| | समुदायका मानिसहरुको व्यवसायहरु प्रति सम्मान व्यक्त गर्न । | समुदायका मानिसहरुको पेसा व्यवसाय प्रति सम्मान र सहयोग  गर्ने बानीको विकास | समुदायका मानिसहरुले गर्ने पेसा व्यवसायहरुको खोजी गरी पेसा व्यवसायहरुको सूची सहित छलफल गराइ स्पष्ट पारिदिने | समुदायका मानिसहरुको व्यवसायहरुको सूची बनाइ ती व्यवसायलाई तिमी कसरी सहयोग गर्न सक्छौ ? | |

| | | | | | |
|---|---|---|---|---|---|
| | घरेलु उद्योगको परिचय र निर्माण हुने सामानहरुको नाम बताउन । | गाउँघरमा उत्पादन हुने डोको, डालो, हँसिया, खुकुरी, ढाकाटोपी, काठको ओखल, हलो, पहिचान र संरक्षण | गाउँघरमा निर्माण हुने सामानहरुको सूची बनाई प्रदर्शन गरी स्पष्ट पारिदिने र समाजमा यसको संरक्षण , सहयोग र आफ्नो सहभागिता बारे छलफल गराइ घरेलु सामानको सूची निर्माण गराउने । | घरेलु उद्योगको परिचय र घरेलु उद्योगबाट निर्माण हुने सामानको सूची बनाऊ । | |
| | १) उचाइ अनुसार रोपिने धानको जात चिन्न<br>२) धान खेती गर्ने तरिका बताउन र आफू समेत सहभागी हुन । | धान खेतीका चरणः (बाँझो जोत्ने, बिउ राख्ने, आली काट्ने, हिलोआली बनाउने, साउने, बाउसे गर्ने, रोपाइँ गर्ने, गोडमेल गर्ने, काट्ने, दाइँ गर्ने) | समुह निर्माणगरी उचाइअनुसार पाइने धानका जात अभ्यास पुस्तिकामा टिप्न लगाउने फरक फरक समुहबाट प्रतिवेदन पेश गराउने । किसानले धान खेती गर्दा कसरी काम गरेका छन सूची बनाउन लगाउने, शिक्षकद्धारा तयार गरिएको चार्ट प्रस्तुत गरी तुलना गर्न लगाउने। | उच्च, मध्य र निम्न भागमा कुन कुन धान रोपिन्छ ? | |
| ३) पाखीबासका विविधता | आफना समुदायमा भएका जातजातिहरुको नाम र भाषा बताउन । | समुदायका जातजातिहरुको नाम (क्षेत्री, ब्राहमण, राई, लिम्बू, मगर, तामाङ, गुरुङ, दमाइ, कामी, सार्की, भूजेल, माझी, नेवार, आदि | प्रत्येक विद्यार्थीलाई आफनो जात, थर तथा भाषा बताउन लगाउने, शिक्षकले पाटीमा टिप्दै जाने, तिमीहरुको छिमेकमा भएका अन्य के के जातजातिका मान्छेहरु बसोबास गर्छन सोधेर टिप्दै छलफल गराउने जातजातिहरुले बोल्ने आफ्नो मातृभाषा समेतको नाम टिप्दै छलफल गराउने | तिम्रो समूदायमा भएका जातजाति र भाषाहरुको विवरण तयार पार ।<br>विभिन्न जात र भाषाहरुको सम्मान कसरी गर्न सकिन्छ ? | १४ घण्टा |
| | समुदायमा भएका जातजातिहरुको धर्म र संस्कारहरुको खोजी गर्न | जातजातिहरुको धर्म संस्कारहरुप्रति सचेत भई सम्मान र संरक्षणमा सहयोग | १) जातजातिहरुको धर्म (हिन्दु, बौद्ध, किराँत, मूस्लिम, इसाइ आदि) हरुको खोजी गरी धार्मिक कार्यहरुको सूची र संस्कारहरु (जन्म, मृत्यु, विवाह, ब्रर्तबन्ध, पास्नी, न्वारान, पूजाआजा प्रार्थना) हरुको अलग अलग चार्ट बनाई प्रदर्शन गराइ छलफल सहित स्पस्ट पारिदिने | १) तिम्रो समुदायमा भएका धर्म र संस्कारहरुको खोजी गरी गरिने कार्यहरुको सूची बनाउ<br>२) बिभिन्न जातजातिहरुको धर्म संस्कारमा गरिने सहयोगको विवरण तयार पार । | |
| ४) पाखीबासका सामाजिक संघ संस्थाहरु र विपद व्यवस्थापन कार्य | पाखीबास नगरपालिका भित्रका सामाजिक संघसंस्थाहरुको नाम बताउन । | पाखीबास नगरपालिका भित्रका सामाजिक संघसंस्थाहरु<br>१) विद्यालय २) अस्पताल ३) प्रहरी कार्यालय ४) सहकारी<br>५) सामुदायिक वन<br>६) रेडक्रस, क्लब आदि ) | पाखीबास नगरपालिका भित्रका सामाजिक संघसंस्थाहरुको विवरण तयार गरी प्रदर्शन गरी प्रश्नोत्तर छलफल सहित स्पस्ट बनाउने | पाखीबास अन्तरगतका सामाजिक संघ संस्थाहरुको सूची तयार गर | १४ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | कार्यहरुका आधारमा सामाजिक संघसंस्थाहरुको बर्गीकरण गर्न । | सामाजिक संघसंस्थाहरुले गर्ने सेवाका आधारमा वर्गीकरण गरी संस्थाहरुप्रति सहयोग गर्ने बानीको विकास | सामाजिक संघसंस्थाहरुले दिने सेवाहरुको सूची तयार गरी सो को आधारमा बर्गीकरण सहितको फ्लोचार्टका माध्यमबाट छलफल गराइ स्पष्ट पारिदिने | सामजिक संघ संस्थाहरुले गर्ने कार्यहरुको सूची तयार पार। सामाजिक संघसंस्थाहरु प्रति गरिने असल व्यवहार के के हुन ? | |
| | सामाजिक संस्थाहरुको खोज तथा सम्मान गर्न । | सामाजिक संघसंस्थाहरुको खोजी र समाजमा आवश्यकताको पहिचान गरी सम्मान गर्ने बानीको विकास | सामाजिक संघसंस्थाहरुबाट समाजलाई प्राप्तहुने सेवाको जानकारी गराउने सामग्री चार्ट तयार गरी प्रदर्शन गर्ने र छलफल गरी स्पष्ट पारी दिने । | सामाजिक संघसंस्थाहरुको खोजी गरी समाजमा आवश्यकता पर्ने कारणहरु खोज गरी लेख । | |
| | विपद्को परिचय दिई संघ संस्थाको भूमिका बताउन र आफू समेत सहभागी हुन । | मानवीय कार्य र प्राकृतिक प्रकोपबाट प्राणीहरुमा पर्ने समस्याहरुको पहिचान र बच्ने उपायहरुको खोजी | विपद् झल्कने पोंष्टरहरु, चित्रहरु, भिडियोहरु प्रदर्शन गरी मानव जीवनमा आईपर्ने विपत्तिहरुलाई नै विपद् भनिन्छ भनी प्रस्ट पारिदिने र विपद्मा बाढी, पहिरो, भुकम्प, आगोलागी, चट्याङ् आदिबाट हुने असरहरु बताउने । साथै जोखिम र विपद् न्यूनीकरणका लागि र जोखिममा परेका व्यक्तिहरुको उद्दारका लागि स्थानीय संघ संस्थाहरुले गर्ने सहयोगको सूची प्रदर्शन गरी स्पष्ट पारिदिने । | विपद्को परिचय दिई यसका प्रकारहरु लेख । विपद्को समयमा स्थानीय संघ संस्थाहरुले पुऱ्याउने सहयोगको विवरण तयार गर । | |
| ५) पाखीबासको सम्पदा | पाखीबासका सम्पदाहरु (साँस्कृतिक प्राकृतिक) को संरक्षणमा सहभागी हुन | १) प्राकृतिक सम्पदाहरु नदी, पोखरी, ताल, वन, वन्यजन्तु, खनिज, माटोहरुको प्रयोग<br>२) साँस्कृतिक सम्पदाहरु मन्दिर, गुम्बा, चर्च, चण्डी थान, मार्गाथान, देवीथान, गैयाँ थान, माङखिम, ढोलनाच, ल्होसार कुलपुजा आदिको परिचय, प्रयोग र संरक्षणमा सहयोग | १) सम्पदाहरुको सूची प्रदर्शन गरी छलफल गराउने संरक्षण कार्यमा सरिक हुन प्रेरित गराउने<br>२) लघु शैक्षिक भ्रमण गराइ सम्पदाहरुको नाम अवस्था र संरक्षण गर्न बुँदा टिपोट गर्न लगाउने | पाखीबासका सम्पदाहरुको सुची बनाई सम्पदाहरुबाट हुने फाईदाहरु बताऊ । | १२ घण्टा |
| ६) पाखीबासको इतिहास | पाखबिासका आफू बसेको वडाको ऐतिहासिक पृष्ठभूमि बताउन । | आफ्नो वडाको समुदायको<br>१) नामाकरणको खोजी<br>२) मानिसहरु बसोबास गरेको | १) विद्यालय रहेको समुदायको बसोबासको समय सोध्न लगाउने<br>२) गाउँघरमा रहेका मन्दिर पाटीपौवाहरुको | पाखीबासको आफू बसेको वडाको ऐतिहासिक पृष्ठभूमि | १३ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | समय<br>३) वडाका ऐतिहासिक व्यक्तित्वहरुको खोजी र सम्मान गर्ने बानीको विकास<br>४ (ऐतिहासिक मठमन्दिर, गुम्वा, चर्च विद्यालय स्थापना गर्ने स्थापना समयको खोजी | निर्माण समय सहितको चार्ट प्रस्तुत गर्ने | बताऊ । | |
| | पाखीबासको नामाकरणको पृष्ठभूमि बताउन । | पाखीबासको नाम उत्पत्तिबारे किम्वदन्तीहरु<br>(ठूलो पाखीको रुखको फेदमा परदेशीहरु बास बस्दै गर्दा पाखीको फेदमा बास हुदैं पाखीबास रहन गएको कुरा<br>२) हालको हुलाक घर अगाडी एउटा चौतारा थियो जहाँ मानिसहरु पर्खि बस्थे र पर्खि बस्ने ठाउँबाट अपभ्रंस हुदैं पाखीबास भयो | पाखीबासको नामाकरण कसरी रहन गयो भन्ने विषयमा किंवदन्तीहरु तयार गरी प्रदर्शन गर्ने छलफल गराइ स्पष्ट पारिदिने | पाखीबासको नामाकरणको पृष्ठभूमि बताऊ । | |
| | पाखीबास नगरपालिका गठन हुँदा समायोजन भएका गा.वि.स.को नाम बताउन । | पाखीबास नगरपालिका गठन हुन निम्न गाउँ विकास समितिहरु समायोजन भएका<br>१) पाखीबास<br>२) मुगा<br>३) फलाँटे<br>४) सान्ने<br>५) घोर्लिखर्क<br>६) चुङमाङ | पाखीबास नगरपालिका गठन हुँदा समायोजन भएका गा.वि.स.हरुको सूची प्रदर्शन गराई छलफल गरी स्पष्ट पारिदिने । | पाखीबास नगरपालिका गठन हुँदाको समायोजन भएका गा.वि.स.हरुको नाम बताऊ । | |
| ७) पाखीबासका असल व्यक्तित्वहरु | पाखीबास नगरपालिका भित्रका असल असल व्यक्तित्व (समाजसेवीहरु) को परिचय दिन<br>- उनले समाजमा दिएका योगदानका बारेमा बताउन । | परिचय : नाम, आमाबुबाको नाम, जन्म, मृत्यु, जन्मस्थान, ठेगाना, उनले गरेका सामाजिक कार्यहरु, योगदान, प्रभाव, असर, प्रतिफल, शैक्षिक योग्यता<br>- व्यक्तित्वहरुको योगदान सम्बन्धी छपाई सामग्री ।सामाजिक कार्यको सूची | - पाखीबास नगरपालिका भित्रका सबैभन्दा उत्कृष्ट समाजसेवीको परिचय बताउदै उनले गरेका सामाजिक कार्य, योगदानको सूची बनाइ कक्षामा प्रर्दशन गरी शिक्षक आफूले स्पष्ट पार्ने र विद्यार्थीहरु सँगसँगै सूची वाचन गर्ने र अन्त्यमा विद्यार्थीहरुलाई सामूहिक रुपमा र व्यक्तिगत रुपमा पढ्न लगाउने । कापीमा टिपोट गर्न लगाउने । उनको योगदानले | क) पाखीबास न.पा. भित्रका असल व्यक्तित्वहरुको परिचय देऊ ,<br>ख) उनले समाजमा दिएका सामाजिक योगदानहरुको सूची तयार पार । | १२ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (नगरपालिका भित्र) भएको सकारात्मक प्रभाव परिवर्तन के के हुन ? उनको सामाजिक योगदानले नगरपालिका भित्र यी प्रतिफल प्राप्त भए भनेर बताउने । सूची बनाई कक्षामा प्रर्दशन गर्ने , सम्भव भए स्वयम् व्यक्तित्वलाई नै कक्षामा उपस्थित गराउने / सम्भव नभए उनको फोटो उनले गरेका योगदान सम्बन्धी छपाई सामग्रीहरु प्रस्तुत गर्ने । | | |
| ८) पाखीबासको स्थानीय प्रविधि र नापतौल | स्थानीय प्रविधि : कोल, घट्टा, ओख्ली, मुस्ली, डोको, नाम्लो, खन्ती आदि स्थानीय परम्परागत प्रविधिहरुको परिचय दिन । | - स्थानिय प्रविधि : कोलको प्रयोग तोरी पेली तेल, उखु पेलेर जुस (खुदो) बनाउने काम<br>घट्टा : कोदो, मकै आदि पिसेर पिठो बनाउने<br>ओख्ली मुस्ली : थोरै धान कुटेर चामल बनाउने, कोदोको बोका फल्ने, फिलुङ्गे, तिल, आँप, अमला आदि कुटेर अचार बनाउने ।<br>-डोको : चोयाबाट बनेको भारी बोक्ने साधन<br>नाम्लो : सनपाट वा अन्य नरम रेसाबाट भारी बोक्न बनाइएको डोरीको पातो<br>खन्ती : खाडल खन्न प्रयाेग हुने फलामको डण्डी । | - सम्भव भए कोल र घट्टा भएको ठाउँमा विद्यार्थीहरुलाई अध्ययन, भ्रमण गराई ती प्रविधि सम्बन्धी जानकारी गराउने / नभएमा चित्रको प्रयोग गर्ने, चित्र देखाउँदै यो काठबाट बनेको हुन्छ । यसमा तोरी  या अन्य तरल पदार्थ निस्कने खाद्य पदार्थ पेलेर तेल वा अन्य झोल पदार्थ निकालिन्छ । त्यस्तै घट्टा पानी बाट चल्छ । पानीबाट चल्ने भएकोले यसलाई पानी घट्ट पनि भनिन्छ भनी बताउने । घट्टामा भएको काठको पखेटालाई पानीको प्रवाहले घुमाउँदा घट्टामा भएका दुई वटा ढुङ्गाको ठूल्ठूला जाँतो घुम्ने भएकोले त्यसमा मकै, गहुँ, कोदो जस्ता खाद्यन्नहरुको चित्र समेत सँगसँगै प्रर्दशन गर्नु पर्छ ।<br>ओख्ली मुस्ली काठबाट बनाइन्छ । ओखलमा धान या अन्य खाद्य वस्तु राखी मुस्लीले कुटिन्छ । भनी बताउने / त्यस्तै अन्य प्रविधिको बारेमा पनि क्रमशः बताउने । | - कोल र घट्टाको कार्य लेख ।<br>..............आदि ।<br>ख) डोको :नाम्लो :खन्ती आदि के कामका लागि प्रयोग गरिन्छ ? | १५ घण्टा |
| ९) हाम्रो परम्परागत उपचार पद्धति | घरेलु उपचार (जडीबुटी बाट गर्ने उपचार माटोको प्रयोगबाट गरिने उपचार : विभिन्न किराबाट गरिने उपचार र रोगका बारेमा बताउन र उपचार गर्न ) | घरेलु उपचार : चोट लाग्दा गरिने उपचार, दाँत दुख्दा गरिने उपचार, आगोल पोल्दा गरिने उपचार, निमोनिया हुँदा गरिने उपचार, ज्वरो आउँदा गरिने उपचार आदि । | - शिक्षकले घरमा उपचार गरिने विभिन्न किसिमका उपचारहरुको सूची तयार गरी विद्यार्थीहरुलाई पढेर सुनाउने, घरमा चोट पटक लाग्दा एवम् एक प्रजातिको उन्यूको झोल र वनमाराको पात माडेर झोल निकालेर घाउमा लगाउनाले सन्चो हुन्छ भनेर बताउने । कुनै समय विद्यार्थीहरुमा चोट लागे वा नजिकै छिमेकमा चोट लागेमा प्रयोग गरी देखाउने । किराले दाँत खाई दुखेमा चिउरीको बोका धुलो | - घाउ चोट लाग्दा कुन औषधी प्रयोग गर्ने ? -......... आदि ।<br>ख) ज्वरो आयो कुन ,कुन जडीबुटीको प्रयोग गरिन्छ ?<br>ग) दाँत दुखेमा ......?<br>घ) बच्चाले हरियो | १२ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बनाई पानीमा भिजाई त्यसको रस दुखेको दाँतमा राखेर ३,४ पटक ३,४ दिन सम्म मुख कुल्ला गरेमा सन्चो हुन्छ भनि बताउने /दाँत दुखेको व्यक्ति बोलाइ कक्षामा नै औषधी तयार गरी प्रयोग गरी देखाउने । आगोले पोल्दा घिउकुमारी, कुखराको बोसो, भेडीको घिउ, आदि पोलेको ठाउँमा लगाउनाले दुखाइ कम भई चाँडै निको हुन्छ भनी बताउने । त्यस्तै ज्वरो आउँदा जमिन भित्र भेटिने गोलो माटोको डल्लोको रस, सिममा भेटिने रातो गड्यौला पिसेर झोल खाने, निमोनिया हुँदा, घाँटी दुख्दा धगेरोको जराको रस, ऐसेलुको जराको रस, केरामा पाइने गभारो किरा पिसेर त्यसको रस खाने भनी बताउने र त्यस्ता बिरामी भए खुवाउने<br>- साना नानीहरुले हरियो पात्लो दिसा गरेमा रुदिलोको जरा र घोरताप्रेको रस बनाई खुवाउने। | पातलो दिसा गरेमा …….? | |
| १०) पाखीबासको भूगोल | पाखीबासको भौगोलिक अवस्था र हावापानी बताउन । | पाखीबासको भौगोलिक अवस्था डाँडा पाखा खोँच उच्चपहाड मैदान बँसी चिसो न्यानो गर्मी हावा पानीको अवस्था पहिचान | पाखीबासको भौगोलिक नक्सा तथा हावापानीको अवस्था झल्कने पोष्टर तथा फ्लेक्स प्रिन्टहरु तयार गरी प्रदर्शन गर्ने, स्पष्ट पारिदिने । | पाखीबासको नक्सा बनाई भौगोलिक स्वरुपहरु देखाउ । | १२ घण्टा |
| | आफ्नो वडाको नक्सा बनाउन र चार सिमानाहरुको परिचय दिन | पाखीबासको नक्साङ्कन र चार सिमानाहरुको पहिचान गरी नक्साङ्कन गर्ने सिपको विकास<br>१) टेम्प्लेट विधिः काटिएको नक्सामा सिसाकलम द्वारा नक्सा बनाउने<br>२) ट्रेसिङ विधिः नक्सा माथि पारदर्शी कागज राखेर जस्ताको तस्तै नक्सा वा चित्र बनाउने विधि<br>३) कार्वन विधिः नक्सा मुनी कार्वन राखेर नक्सामा मसी नभएको कडा वस्तुले थिचेर जस्ताको तस्तै नक्सा वा चित्र बनाउने | टम्प्लेटको प्रयोग गरी नक्सा तयार गर्न लगाई चार सिमानाहरुको सूची निर्माण गर्न लगाउने र नक्सा बनाउने कार्यमा दक्ष बनाउने । | टेम्प्लेट प्रयोग गरी आफ्नो वडाको नक्सा तयार पार । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ४) स्वतन्त्र वा सामाजिक नक्सा:<br>चित्रकारको परिकल्पना बमोजिम तयार गरिने नक्सा | | | |

## कक्षा ५

| इकाई | सि.उ. / विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतिकरण | शिक्षण सिकाइ क्रियाकलाप (सिकाइ प्रक्रिया) | मूल्याङ्कन | पा.भा. (घण्टी) |
|---|---|---|---|---|---|
| (१) हाम्रो स्थानीय सरकार | पाखीबासका वडाहरुको संख्या र वडा प्रमुखको नाम र पद बताउन | पाखीबासका वडाहरुको क्रमश नाम र सम्बन्धित वडा प्रमुखको नाम पदको खोजी | पाखीबासका प्रत्येक वडाहरुको र वडाध्यक्षहरुको नामावली चार्ट बनाइ कक्षामा प्रदर्शन गराउने र स्पष्ट बनाउने | पाखीबासका प्रत्येक वडाको नाम र वडाध्यक्षको नाम समेत लेख | १२ घण्टा |
| | वडाध्यक्षको काम कर्तव्य बताउन | वडाध्यक्षले गर्ने मुख्य मुख्य कामहरु र वडाध्यक्षका कर्तव्यहरु | वडाध्यक्षका काम तथा कर्तव्यहरुको सूचीहरु प्रस्तुत गरी छलफल गराइ तिमी वडाध्य भयौ भने तिमीले गर्ने कार्यहरु के के रहेछन भनी उनीहरुका भनाइ पाटीमा टिपोट गरी दिने । | तिमी वडाध्यक्ष भएमा के के काम गर्छौ लेख । | |
| | पाखीबास नगरकार्यपालिकाको गठन प्रकृया र संख्या बताउन | पाखीबास नगरपालिकाको गठनका लागि हुने चुनावी प्रकृयाको झलक,<br>वडागत चुनाव र प्रमुख र उपप्रमुखको चुनावको प्रकृया र सहभागिता | चुनावको झलक देखिने पोष्टरहरु वडामा छानिने -चुनिने) जनप्रतिनिधीहरुको संख्या पद विवरण चार्ट र नगर प्रमुख र उपप्रमुखको निर्वाचन प्रकृया बारेको चार्ट बनाइ प्रदर्शन गर्ने र चुनावमा विद्यार्थीहरुको संलग्नता बारे विचार र अनुभव बताउन लगाउने | नगर कार्यपालिकाको गठन प्रकृयाका बारेमा लेख र नगरपाकिाको चुनावमा तिमीले देखेका अनुभव बताऊ । | |
| | नगरप्रमुखको काम कर्तव्यहरु बताउन | नगरपालिका प्रमुखका मुख्य मुख्य कार्यहरु | नगरपालिका प्रमुखले गर्ने मुख्य मुख्य कार्यहरुको सूची बनाई प्रदर्शन गर्ने छलफल गर्ने र बुँदा टिपोट गर्न लगाउने | नगर प्रमुखले गर्ने मुख्य मूख्य कार्यहरुको चार्ट बनाउ । तिमी नगर प्रमुख भयौ भने नगरको विकासकालागि गर्न सक्ने कार्यहरु विवरण तयार पार । | |
| | उपप्रमुख र स्थानीय न्यायिक समितिका कुनै पाँचवटा काम टिपोट गर्न | नगर उपप्रमुखले गर्ने मुख्य मुख्य कार्यहरु र स्थानीय न्यायलय तथा न्यायिक समितिका कामहरु | नगरपालिकाको उपप्रमुखको सामान्य परिचय काम कर्तब्यहरु स्थानीय रुपमा न्याय सम्पादन सम्बन्धि कार्यहरुको विवरण तयार पारी प्दर्शन छलफल प्रश्नोत्तर गराइ बुँदाहरु टिपोट गर्न लगाउने | स्थानीय न्याय सम्पादनको कार्य कस्ले गर्ने व्यवस्था छ स्पस्ट पार<br>न्यायिक समितिका पाँचवटा काम बताऊ । | |
| (२) पाखीबासको | दैनिक जीवनमा आवश्यक सामग्रीहरुको प्रयोगमा | घरमा प्रयोग हुने सामग्रीहरु गाउँघरमा बनेका सामान नै | कम खर्चमा घरमा दैनिक जीवनमा आवश्यक पर्ने सामग्रीहरु अधिकतम प्रयोग | फजुल खर्चबाट हुने बेफाईदाहरु बताऊ । | १२ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| आर्थिक कियाकलाप | मितव्ययिता अपनाउन | प्रयोग गर्ने बानीको विकास गरी कम खर्च गर्ने बानी बसाउन | गर्न र सम्मान गर्न प्रेरित गराउने उपायका सम्बन्धमा छलफल गराउने । फाइदा बेफाइदाका बारेमा तयार गरिएका चार्ट प्रदर्शन गर्ने । | | |
| | २) धान खेती गर्ने तरिका बताउन र आफू समेत सहभागी हुन । | २) धान खेतीका चरण:(बाँझो जोत्ने, बिउ राख्ने, आली काट्ने, हिलोआली बनाउने, साउने, बाउसे गर्ने, रोपाइँ गर्ने । | ३) किसानले धान खेती गर्दा कसरी काम गरेका छन सूची बनाउन लगाउने,शिक्षकद्वारा तयार गरिएको चार्ट प्रतुत गरी तुलना गर्न लगाउने । | बाउसे कसरी गरिन्छ ? आवश्यकता अनुसार अन्य क्रियाकलापहरु गराउने । | |
| | घरेलु उद्योगको परिचय र आवश्यकताको पहिचान गर्न | घरेलु उद्योगको परिचय दिन र घरेलु उद्योगबाट उत्पादित सामग्रीहरुको प्रयोग गर्ने बानीको विकास | घरेलु उद्योगबाट बनेका सामग्रीहरु प्रदर्शन गरी स्पष्ट पारिदिने । | घरेलु उद्योगको परिचय दिई उत्पादित सामग्रीहरुको सूची बनाई महत्त्व समेत लेख । | |
| | पाखीबास नगरपालिका भित्रका स्थापित उद्योग तथा घरेलु उद्योगहरु | पाखीबास नगर पालिका भित्र संञ्चालित खुकुरी, हँसिया, बन्चरो कोदालो, डोको, डालो, ढाका कपडा, राडीपाखी, घुम, टपरा, माटाका सामान, घरेलु उद्योगमा सामग्री निर्माणमा सहयोग गर्ने बानीको बिकास। छुर्पी कोइला, उद्योग ढाकाकपडा उद्योग, चिज उद्योग ,फर्निचर उद्योग, मुडा बनाउने, कुचो बनाउने, मसला उदोग, कागज उद्योग, कुटानी पिसानी उद्योगहरुबाट उद्योगी व्यावसायिक बन्न प्रेरणा लिन श्रमको सम्मान र सामग्री निर्माणमा सहभागी हुने बानीको विकास | घरेलु उद्योगको परिभाषा दिन लगाउने उद्योगी व्यवसायीसँग भेटघाट गराउने, कामको बारेमा छलफल गराउने प्रतिवेदन दिन लगाउने, घरेलु उद्योगमा आफूले गर्न सक्ने कामको विवरण लेख्न लगाउने साप्ताहिक शनिबारका दिन आधा घण्टा आफनो समुदायमा चलेका घरेलु उद्योगहरुमा गई सामान बनाउन सहयोग गर्ने सो बारे कक्षमा अनुभव बताउन लगाउने | पाखीबास नगरपालिका भित्र रहेका उद्योगहरुको सुची बनाई सो उद्योगहरुले उत्पादन गरेका सामग्रीहरुको नाम लेख । | |
| | पाखीबास नगरपालिका भित्र रहेका कृषि व्यवसायहरुको पहिचान गर्न | पाखीबास नगरपालिका अन्तर्गत कृषि, पशुपालन, अन्नबाली, फलफूल, तरकारी, मत्स्य पालन, मौरीपालन आदिको पहिचान | पाखीबास नगरपालिका भित्र कृषि कार्य अन्तर्गत पर्ने खेतीपाती, पशुपालन, अन्नबाली, फलफुल, तरकारी मत्स्य पालन, मौरीपालन, आदिको चित्र, पोस्टर प्रदर्शन गरी छलफल गरी स्पष्ट पारिदिने । | कृषि कार्य अन्तर्गत गरिने विभिन्न पेशाहरुको नाम लेख । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | पाखीबास नगरपालिका भित्र रहेको पर्यटकीय स्थलहरुको पहिचान र महत्त्व बताउन | पाखीबास नगरपालिकामा रहेका विभिन्न पर्यटकीय स्थलहरुको खोजी गरी, तिनिहरुको संरक्षणमा सहयोग र आयआर्जनको स्रोत । | पाखीबास नगरपालिका अन्तर्गत रहेका, कृषि पर्यटन स्थल झल्कने पोष्टरहरु, फ्लेक्स प्रिन्टहरु, भिडियोहरु प्रदर्शन गरी स्थान सहित पहिचान हुने गरी बुझाउने । | पाखीबास नगरपालिका भित्र रहेका पर्यटकीय स्थलहरुको सुची बनाउ र पर्यटनबाट हुने फाईदाहरु लेख । | |
| | पाखीबास नगरपालिका भित्र संचालनमा रहेका व्यापार व्यवसायहरुको खोजी गर्ने बानीको विकास र विभिन्न व्यवसायको सूची निर्माण गर्न | पाखीबास नगरपालिका भित्रका भिन्न भिन्न व्यवसाय खोजी गर्न, अनुकरण गर्न, सूची बनाउन, व्यावसायिक खेतीपाती, पशुपालन, होटल, लुगा सिउने, कपाल काट्ने, तरकारी पलफूल व्यवसाय, माटाका फलामका कामगर्ने व्यवसाय, भविश्यमा असल व्यावसायी बन्न पेसा व्यवसाय प्रति सम्मान आदर गर्ने बानीको विकास, व्यवसायबाट उत्पादित सामाग्रहिरुको सूचि बनाइ नमूना सामाग्री बनाउन | पाखीबास नगरपालिका भित्रका विभिन्न व्यवसाय गर्नै व्यक्तिहरुको चित्र पोस्टर प्रदर्शन गरीछलफल गराउने, समुदाय भित्रका व्यक्तिहरुले गर्ने कामको अभिनय गराउने, लघू शैक्षिक भ्रमण गराई त्यहाँबाट प्राप्त हुने सेवा सुविधाको बुँदा टिपोट गर्न लगाउने उत्कृष्ठ व्यवसायिक छनौट गरी सो व्यक्तिसँग उनीहरुले गर्ने कामको जानकारी लिने र व्यासायिक बन्न प्रेरणा दिन | पाखीबास नगरपालिका भित्र सँचालनमा रहेका ब्यपार ब्यबसायहरुको सूची बनाई त्यसबाट हुने फाइदाहरु लेख । | |
| ३) पाखीबासको विविधता | नगरपालिकामा बसोबास गर्ने जातजातिहरुको पहिचान र सम्मान गर्न | पाखीबास नगरपाकि भित्र बसोबास गर्ने जातजातिहरुको पहिचान गरी भाषा धर्म संस्कारहरुको संरक्षणमा सहयोग गर्ने बानीको विकास | पाखीबास नगरपालिका भित्र बसोबास गर्ने जातजातिहरुको नाम भाषा धर्महरुको तालिका बनाइ प्रदर्शन गराइ स्पस्ट पारी दिने | पाखीबास नगरपालिका भित्र बसोबास गर्ने जातिहरुको नाम लेख । | १४ घण्टा |
| | जातजातिहरुको पेसा प्रतिको सम्मान<br>जातीय विभेदको अन्तका लागि सामाजिक सम्बन्ध कायम गर्न | जातजातिहरुले समाजमा गर्ने पेसाहरुको सम्मान र सहभागिता आफनो छिमेकी वा अपरिचित जातजातिहरुमा पनि नाता सम्बन्ध लगाएर बोल्न उमेर अनुसार फरक फरक जातजातिहरुमा पनि काका, आमा, दाजु, भाउजू, दिदी आदि नाता लगाएर बोल्ने बानीको विकास गराउन | जातजातिहरुको पेसाहरुबाट समाजलाई प्राप्तहुने सहयोगको चित्रहरु प्रदर्शन गरी उपलब्धिहरुको बुँदा टिपोट गराउने, नाता सम्बोधन गरी बोलाउँदा प्रयोग गरिने सम्बोधन शब्दहरु भन्न लगाउने र पालैपालो टिप्ने | जातीय विभेदबाट हुने समाजमा पर्ने असरहरु लेख । | |
| | पाखीबास नगरपालिका भित्रका धर्म संस्कृतिहरु मौलिक विशेषताहरु | पाखीबास नगरपालिका भित्र धर्म (हिन्दु, बौद्ध, इसाई आदि) संस्कार (जन्म मृत्यु, विवाह, व्रतवन्ध | पाखीबास नगरपालिका भित्र रहेका धर्महरुको सूची तयार गरी जातिगत सामाजिक संस्कारहरुको सूचि बनाइ छलफल प्रश्नोत्तर | पाखीबास नगरपालिका भित्र रहेका धर्महरुको नाम लेख, विभिन्न जातजातिहरुको जन्म, | |

| | | | | | |
|---|---|---|---|---|---|
| | बताउन | आदि) को पहिचान । | विधिबाट स्पष्ट बनाउने । | मृत्युमा गरिने संस्कारहरुको बारेमा उल्लेख गर । पाखीबासको मौलिक विशेषता बताऊ । | |
| ४) पाखीबासका सामाजिक संघ संस्थाहरु र विपद व्यवस्थापन कार्य | आफनो नगरपालिका भित्रका सामाजिक संघसंस्था प्रति गौरव गर्न र सहयोग गर्न | आफनो नगरपालिकाको जन्मस्थानको महत्व र विकास पाखीबासको विशेषता एवम पाखीबासमा स्थापित सामाजिक संघसंस्था कार्यालयहरु, नगरपालिका, वडाकार्यालय, विद्यालय, अस्पताल, प्रहरी कार्यालय, सहकारी, रेडक्रस, आमासमूह, स्काउट प्रति सम्मान र गौरव गरी निरन्तर सहयोग गर्ने बानीको विकास गराउने | नगरपालिका भित्र स्थापित संघसंस्थाहरुले समाजमा पुऱ्याएको सहयोगको विवरण तयार गर्ने र नी संस्थाहरुले समाजमा गरेका राम्रा कार्यले समाज विकासमा महत्वपूर्ण उपलब्धि भएकाले गौरव गर्नु पर्छ भन्ने कुराबारे स्पष्ट पारी दिने | पाखीबास नगरपालिका भित्र रहेको सामाजिक संघसंस्थाहरुको सूची बनाई तिनिहरुबाट प्रदान गरिने मुख्य मुख्य सेवाहरुको समेत सूची बनाऊ । | १४ घण्टा |
| | सामाजिक संघ संस्थाहरुबाट प्राप्त हुने सहयोगको खोजी गर्न | सामाजिक संघसंस्थाहरु (वडा कार्यालय, विद्यालय, रेडक्रस, सहकारी, आमा समूह, नेपाल स्काउट, बाल क्लब, प्रहरी कार्यालय, सामूदायिक वन) बाट प्राप्त हुने सेवा प्रति सचेत रहने बानीको विकास | सामाजिक संघ संस्थाहरुबाट प्राप्त हुने सेवा सुविधाहरु तथा सहयोहरुको विवरण प्रस्तुत गर्ने<br>२) चित्र पोष्टर फ्लेस प्रिन्ट प्रर्दशन<br>३) विभिन्न संघ संस्थाहरुको भ्रमण गराइ सेवाहरु टिपोट गराउन<br>संस्थाहरुले गर्ने काममा सहयोग गर्न प्रेरित गर्ने | कुनै पाँचवटा संस्थाको नाम लेखी तिनले दिने सेवा पनि लेख । | |
| | सामाजिक संघ संस्थाहरु प्रतिको पहुँच र सहभागिता जनाउन | सामाजिक संघ संस्थाहरुले आयोजना गरेका कार्यहरुमा सकृय सहभागिता | सामाजिक विकृति हटाउने कार्यमा सहयोग पुऱ्याउन प्रेरित गराउने सुविधाको पहुँचमा नपुगेका मानिसहरुलाई सेवाको पहुँचमा पुऱ्याउने कार्यमा सहयोग | तिम्रो समाजमा भएका सामाजिक विकृति हटाउन तिमी के गर्छौ ? | |
| | सामाजिक संघ संस्थाले गर्ने कार्यमा सहभागी हुन | सामजिक संघ संस्थाहरुले गरेका असल कार्यहरुमा सकृय सहयोग | सामामजिक संघ संस्थाहरले समाजमा पुऱ्याउने योगदानको तालिका निर्माण गरी छलफल सहित स्पष्ट पारिदिने | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | विपद्को परिचय दिन | मानविय कार्य र प्राकृतिक प्रकोपबाट प्राणिहरुमा पर्ने समस्याहरुको पहिचान बच्ने उपायहरुको खोजी | विपद् झल्कने पोष्टरहरु, चित्रहरु, भिडियोहरु प्रदर्शन गरी मानव जीवनमा आईपर्ने विपत्तिहरुलाई नै विपद् भनिन्छ भनी प्रष्ट पारिदिने र विपद्मा बाढी पहिरो भुकम्प, आगलागी, चट्याङ् आदिबाट हुने असरहरु बताउने । साथै जोखिम र विपद् न्यूनीकरणका लागि र जोखिममा परेका व्यक्तिहरुको उद्दारका लागि स्थानीय संघ संस्थाहरुले गर्ने सहयोगको सूची प्रदर्शन गरी स्पष्ट पारिदिने । | विपद्को परिचय दिई प्रकारहरु लेख विपद्को समयमा स्थानीय संघ संस्थाहरुले पुऱ्याउने सहयोगको विवरण तयार गर । | |
| ५) पाखीबासको सम्पदा | सम्पदाको परिभाषा र पाखीबासका सम्पदाहरुको पहिचान गर्न | सम्पदाको अर्थ र पाखीबासका सम्पदाहरुः माटो, खनिज, गिटीबालुवा, नदी, ताल, पोखरी, कुवा, वनजंगल, नागी, झरना, खोला आदि कुराहरुको खोजी गरी सम्मान र संरक्षणमा सहभागिता | पाखीबासका सम्पदाहरुको विवरणात्मक चार्ट सम्पदा र सम्पदा स्थलहरुको जानकारी स्पष्ट झल्कने फ्लेक्स प्रिन्टहरु कक्षामा अध्यावधिक गराइ राख्ने र शिक्षकले स्वयले सिकाइलाई प्रोत्साहन दिई बुँदा टिपोट गराउने प्रत्येक विद्यार्थीलाई प्रस्तुत गर्न लगाउने | कक्षाकार्यमा भएको सहभागिता र प्रतिवेदन लेखन अवलोकन गर्ने । | १२ घण्टा |
| | सम्पदाहरुको वर्गीकरण गर्न | सम्पदाहरु प्राकृतिक र साँस्कृतिक गरी दुई वर्गमा विभाजन गर्न साँस्कृतिक सम्पदाः पार्क, मठ मन्दिर, चर्च, संस्कार, धर्म, चाडपर्व आदि र प्राकृतिक सम्पदाः ताल, नदी, पोखरी, झरना, खानी, माटो आदि । | पाखीबासका प्राकृतिक र साँस्कृतिक सम्पदाहरुको सचित्र पोष्टरहरु प्रदर्शन गरी स्पष्ट पारी दिने | सम्पदाहरुको प्रकार उल्लेख गरी वर्णन गर । | |
| ६) पाखीबासको इतिहास | पाखीबास नामाकरणको आधार बताउन । | पाखीबासको नामाकरण बारे परदेशीहरु पर्खि बस्ने, ठाउँबाट पाखीबास बन्यो,<br>परदेशीहरु टाढाबाट आउँदा बस्ने घरहरु केही नभए पछि ठूलो पाखीको रुख रहेको र सो रुखको फेदमा बास बस्दै जाँदा पछि पाखीबास नाम भएको,<br>यस ठाउँमा तामाङ जातिहरु मध्ये पाखीन थरको घरमा बास बस्ने भनी परदेशीहरु आउने जाने | पाखीबासको इतिहास अर्न्तगत नामकरणका बारेका किंवदन्तिहरु संकलन गरी न्यूज प्रिन्टमा प्रस्तुत गरी कक्षामा प्रदर्शन गरी छलफल गराई स्पष्ट गराउने,<br>पाखीबासको नाम र परिचय अर्न्तगत निम्न कुराहरु प्रस्तुत गर्नेः<br>१) पाखीबासको ऐतिहासिक पृष्ठभूमि २) पाखीबासको सामान्य बनौट ३) पाखीबास नगरपालिका हुनु भन्दा अगाडिको सामान्य अवस्था र ४) हाल नगरपालिकामा समावेश भएका साबिक गा.वि.स.हरुको नामावली | पाखीबासको नामाकरण बारे किंवदन्तीहरु लेख ।<br>पाखीबासको ऐतिहासिक पृष्ठभूमिको बारेमा लेख | १३ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | क्रमका कारण पाखीबास नाम रहेको किंवन्तीहरु | प्रस्तुत गरी छलफल गराई सो सम्बन्धि प्रश्नोत्तर गर्ने र विद्यार्थीहरुबाट आएका उत्तरहरु टिपोट गरी दिने । | | |
| | पाखीबासका ऐतिहासिक व्यक्तित्वहरुको खोजी गर्न । | पाखीबासका ऐतिहासिक समाजसेवीहरु राजनैतिक कर्मीहरु विद्वान विदूषीहरु कविहरु संगीतकारहरु कलाकारहरु विभिन्न संघसंस्थाहरुलाई जग्गा दाताहरु विभिन्न संघ संस्था स्थापना गरेर संस्थापक भई गाउँमा विकास निर्माणमा महत्त्वपूर्ण सेवा गर्नेहरुको नाम र ठेगाना | विद्यार्थीहरुलाई आ आफनो टोलका ऐतिहासिक व्यक्तित्वहरुको नाम खोजी गरी ल्याउन भन्ने । टिपोट अनुसार पाटीमा लेखी दिने । शिक्षक स्वयंले न्यूजप्रिन्टमा प्रत्येक गाउँका ती ऐतिहासिक व्यक्तिहरुको नाम, ठेगाना र गरेका कार्यहरुको विरणात्मक चार्ट प्रस्तुत गरी टिप्न लगाउने | पाखीबासका ऐतिहासिक व्यक्तिहरु मध्ये १) राजनैतिक कर्मीहरु<br>२) कवि तथा कवयित्रीहरु<br>३) गायककारहरु<br>४) संगीतकार तथा अभिनयकलाकारहरु<br>५) जग्गादाताहरु | |
| | पाखीबासका ऐतिहासिक स्थलहरुको परिचय संरक्षण गर्ने बानीको विकास गर्न । | पाखीबासका ऐतिहासिक स्थलहरु मध्ये निम्नकुराहरुः<br>१) धार्मिक स्थलहरु<br>२) मठमन्दिरहरु<br>३) गुठ तथा गुठी जग्गाहरु<br>४) ऐतिहासिक शैक्षिक केन्द्रहरु (पुराना विद्यालयहरु,<br>संस्कृत पाठशालाहरु) को खोजी र संरक्षणमा सहभागिता ऐतिहासिक स्थलहरुको ठेगाना संरक्षण गर्ने तरिका | पाखीबासका साविक गा.वि.स. तथा हालका वडाहरुबाट निम्नकुराहरु संकलन गरी फ्लेक्स प्रिन्टमा तयार गरी कक्षामा प्रदर्शन गर्ने वडागत रुपमा रहेका धार्मिक स्थलहरु मठमन्दिरहरु, गुठ तथा गुठी जग्गाहरु, ऐतिहासिक विद्यालयहरुको विवरणत्माक चार्टको माध्यमबाट सिकाइ कार्य संचालन गराइ स्पष्ट पार्दै टिपोट गराउने | विद्यार्थीहरुलाई निम्न कुराहरुको तालिका बनाइ भर्न लगाउने<br>१) धार्मिक स्थलहरु<br>२) मठमन्दिरहरु<br>३) गुठ तथा गुठी जग्गाहरु<br>४) ऐतिहासिक शैक्षिक केन्द्रहरु | |
| ७) पाखीबासका असल व्यक्तित्वहरु | असल व्यक्तित्वहरुले गरेका सामाजिक कार्य अवलोकन गरी अन्य समुदायका सामाजिक कार्यमा सहयोग पुऱ्याउन | - सामाजिक कार्यमा सहयोग<br>- विद्यालयको उत्सवमा सहयोग, सरसफाईमा सहयोग, सामुदायिक भवनहरु निर्माण तथा मर्मतमा सहयोग । ( पाटी पौवा, चौतारो, बाटोघाटो, विद्यालय आदि) | शिक्षकले विद्यार्थीहरुलाई सामाजिक कार्य भई रहेको स्थानमा लगी अवलोकन गर्न लगाउने । उक्त कार्यमा सहयोग गर्न पनि लगाउने । स्थलगत अवलोकन गर्ने अवसर नमिलेमा चित्र प्रर्दशन गरी प्रष्ट्याउने । प्रश्नोत्तर, छलफल गराउने ।<br>सामुदायिक कार्य गर्ने तरिकाको अभिनय गराउने ।<br>सामाजिक कार्य गरेका उत्कृष्ट व्यक्तित्वहरुको उदाहरण प्रस्तुत गरी सामाजिक कार्यमा सहयोग गर्न प्रेरित गर्ने । | - सामुदायिक कार्यको सूची बनाऊ ।<br>- विद्यार्थीले सामुदायिक कार्यमा सहयोग गरेको नगरेको अवलोकन गरी मूल्याङ्कन गर्ने । | १२ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | घर परिवार साथीभाइ र छरछिमेकीसँग असल व्यवहार गर्न । | असल व्यवहार : ठूलालाई सम्मान (आदर) सानालाई माया गर्ने बानी / उनीहरुलाई आवश्यक सहयोग गर्ने ।<br>- जात, धर्म, कालो, गोरो, लिङ्गको आधारमा सानो, ठूलो भनी भेदभाव नगर्ने ।<br>- दुःख पीडामा सहयोग । | - आफूभन्दा साना र ठूलासँग गर्ने व्यवहार, छिमेकीसँग गर्ने व्यवहारका बारेमा छलफल अन्तर्क्रिया गर्ने, प्रश्नोत्तर गर्ने ।<br>- विद्यार्थीहरु बिच एकआपसमा आवश्यक सहयोगको अभिनय गर्न लगाउने ।<br>- सामाजिक भेदभाव हटाउने भूमिकाको बारेमा छलफल गर्ने गराउने ।<br>- आफूलाई दुःख , पीडा परेको समयमा सहयोग गर्ने बानीको विकास गर्न सहयोग पुऱ्याउने । | - घर र छिमेकमा आदर गरी बोलिने शब्दको सूची बनाऊ ।<br>- घर वा छिमेकमा विद्यार्थीहरुले गर्ने व्यवहारको अवलोकन गर्ने ।<br>- तिम्रो भाई वा बहिनी झगडा गर्दा कसरी फकाउछौं ?<br>सामाजिक भेदभावका कुनै दुई वटा भेदभाब बताऊ ? | |
| ८) पाखीबासको स्थानीय प्रविधि | हाम्रा स्थानीय प्रविधिहरु र आधुनिक प्रविधिहरुका बारेमा परिचय दिई तुलना गर्न । | स्थानीय प्रविधि : ढिकी, जाँतो, घट्टा, हलो, खन्ती, कोल<br>आधुनिक प्रविधि : कुटानी, पिसानी मिल, हाते ट्याक्टर, ड्रिल गर्ने मेसिन, तेल पेल्ने मिल आदि। | - स्थानीय प्रविधिहरु ढिकी, जाँतो, घट्टा, हलो, कोल, खन्ती आदिको बारेमा परिचय दिने ।<br>- यिनीहरुले गर्ने कार्यको बारेमा छलफल, प्रश्नोत्तर, अवलोकन गर्ने गराउने ।<br>- स्थानीय प्रविधिहरु परम्परागत प्रविधिहरु भएकाले यिनीहरुको प्रयोगमा कमी आएको छ भनी शिक्षकले बताउने ।<br>- आधुनिक प्रविधि काम गर्न छिटो, धेरै, परिमाणमा थोरै समयमा काम गर्ने भएकाले यसको प्रयोग अत्याधिक भएको भनेर छलफल, प्रश्नोत्तर, अवलोकन गराउने । | हाम्रा स्थानीय प्रविधिहरु र आधुनिक प्रविधिका बारेमा परिचय दिन र कार्यक्षमताको तुलना गर्ने लगाउने । | १५ घण्टा |
| | | | - स्थानीय प्रविधिहरु मानिस आफैंले गर्ने भएकाले ढिलो काम गर्ने र आधुनिक प्रविधिहरुमा विद्युतको वा शक्तिका स्रोतको प्रयोग हुने भएकाले कार्य क्षमता धेरै गुणा हुने बारे छलफल, प्रश्नोत्तर र अवलोकन गराउने । | | |
| | - हाम्रो स्थानीय नाप र तौलका प्रविधिहरुको परिचय दिन र त्यसका कार्यहरुको तुलना, फरक छुट्याउन र प्रयोग गर्न । | स्थानीय नापः हात, बित्ता, कुरेत, अमल, माना पाथी, कुरुवा<br>आधुनिक नाप : इन्च, फिट, सेन्टिमिटर, कि.मि. , लिटर, मिलि लिटर<br>स्थानीय तौल : धार्नी, बिसौली, आठपोल, बोडी, तोला, तुलो | - स्थानीय नाप तौलको प्रविधिहरुको बारेमा छलफल, प्रश्नोत्तर, अवलोकन गराउने<br>- स्थानीय नाप, तौल विश्वासिलो नभएकोले यसको प्रयोग हराउँदै गएको बारेमा विद्यार्थीहरुलाई बताउने ।<br>- आधुनिक प्रविधिहरु विश्व व्यापी स्ट्याण्डर्ड एकाइमा आधारित भएकोले सर्वमान्य भएको | - एक एक वटा नाप र तौल लिने स्थानीय प्रविधि र आधुनिक प्रविधिको नाम लेखी एक/ एक फरक लेख । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आधुनिक प्रविधि : ग्राम, किलो ग्राम, मन, क्वीन्टल, तराजु | र यसको प्रयोग सर्वमान्य भएको हो भनेर बताउने ।<br>- कक्षाकोठामा वा समुदायमा अवलोकन गराइ यी दुई प्रविधिबिच छलफल, प्रश्नोत्तर, तुलना गर्ने, फरक छुट्याउने र प्रयोग गर्न सिकाउने / लगाउने । | | |
| ९) हाम्रो परम्परागत उपचार पद्धति | - आयुर्वेदिक उपचारका बारेमा परिचय दिन ।<br>- परम्परागत उपचार पद्दति र आधुनिक उपचार पद्दतिका बारेमा एक/एक वाक्यमा फरक छुट्याउन । | - आयुर्वेदिक उपचार : जडिबुटिबाट गरिने उपचार/ वैद्यले गर्ने उपचार<br>- आधुनिक उपचार : जडिबुटि वा अन्य कच्चा पदार्थ भट्टीमा हाली प्रशोधन गरी स्पेसियलिस्ट, चिकित्सकबाट गरिने उपचार चिरफार गरेर गरिने उपचार । | - जडिबुटिलाई प्रशोधन नगरी धुलो बनाई, झोल वा चक्कीको माध्यमबाट औषधी बनाई बिरामीको उपचार गर्ने पद्दति<br>- यस सम्बन्धी विशेषज्ञ, वैद्य वा डाक्टरहरुले बिरामीको उपचार गर्छन् ।<br>- यो उपचार पद्दति पुरातन भए पनि हाल फेरि प्रयोगमा आएको पाइन्छ । छलफल, प्रश्नोत्तर आदि गराउने ।<br>- जडिबुटि वा अन्य कच्चा पदार्थहरुलाई भट्टीमा हाली प्रशोधन गरी औषधी निर्माण गरी डाक्टरद्वारा बिरामीहरुको उपचार गर्ने पद्दति आधुनिक उपचार पद्दति हो । यो विश्वव्यापी रुपमा विश्वासिलो बन्दै गरेको छ ।<br>- औषधीका साथै चिरफार गरेर गरिने उपचार पनि आधुनिक उपचार पद्दति हो । | - आयुर्वेदिक उपचार र आधुनिक उपचार पद्दतिका बारेमा १/१ वटा फरक लेख । आयुर्वेदिक उपचार कस्तो प्रकारको उपचार पद्धति हो ? डाक्टरले गर्ने उपचार कुन उपचार पद्धति हो ? | १२ घण्टा |
| १०) पाखीबासको भूगोल | पाखीबासको भौगोलिक अवस्थाको पहिचान | पाखीबासको भौगोलिक अवस्थिती अक्षांस देशान्तर उचाइ एवम पाखीबासको चार सिमानाहरुको जानकारी र प्राकतिक स्वरुपहरु भू:धरातल | १) नेपालको नक्सामा धनकुटा र पाखीबासको अवस्थिति देशान्तर अक्षांस उचाइ देखाउने र चार्ट बनाइ प्रस्तुत गर्ने २) पाखीबासको नक्सामा यसका चार सिमानाहरु देखाउने र नक्सा | पाखीबासको भौगोलिक बनावटको बारेमा लेख । | १२ घण्टा |
| | पाखीबासको भौगोलिक अवस्था र जनजीवन | भौगोलिक अवस्थाले मानव जीवनमा पारेको प्रभाव | पाखीबास नगरपालिकाको भौगोलिक अवस्था र हावापानीले जनजीवनमा पारेको असर झल्कने चित्रहरु पोष्टरहरु प्रदर्शन गरी हावापानीले मानव जीवनलाई असर पार्छ भन्ने कुरा बताईदिने । | हावा पानीले मानव जीवनमा पार्ने असर उल्लेख गर । | |
| | पाखीबासको नक्सा बनाउन र चार सिमानाहरुको परिचय दिन | पाखीबासको नक्साङ्कन र चार सिमानाहरुको पहिचान गरी नक्साङ्कन गर्ने सिपको विकास | टेम्प्लेटको प्रयोग गरी नक्सा तयार गर्न लगाई चार सिमानाहरुको सूची निर्माण गर्न लगाउने र नक्सा बनाउने कार्यमा दक्ष बनाउने । | टेम्प्लेट तथा ट्रेसिङ विधि प्रयोग गरी पाखीबासको नक्सा तयार पार । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | १) टेम्प्लेट विधिः काटिएको नक्सामा सिसाकलम द्वारा नक्सा बनाउने<br>२) ट्रेसिङ विधिः नक्सा माथि पारदर्शी कागज राखेर जस्ताको तस्तै नक्सा वा चित्र बनाउने विधि<br>३) कार्वन विधिः नक्सा मुनी कार्वन राखेर नक्सामा मसी नभएको कडा वस्तुले थिचेर जस्ताको तस्तै नक्सा वा चित्र बनाउने<br>४) स्वतन्त्र वा सामाजिक नक्साः चित्रकारको परिकल्पना बमोजिम तयार गरिने नक्सा | | | |

नोटः १ कार्य घण्टा (credit hour) बराबर ८ घण्टा हुने भएकाले विद्यालयहरुले आफ्नो अनुकुलता अनुसार उक्त समयलाई घण्टीमा परिणत गरि अध्यापन गर्नु पर्नेछ ।